मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : १०८ ★ ने. सं. ११४६ बछला गा, नवमी ★ सोमबार ★ २८ वैशाख, २०८३ ★ May 11, 2026, Monday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## खवप कलेज अफ लअन्तर्गत 'खवप न्याय दबु' को विमोचन तथा पुरस्कार वितरण कार्यक्रम



भक्तपुर, २७ वैशाख । कानुन दिवसको अवसर पारेर ख्वप कलेज अफ लले आइतबार एक विशेष समारोहबिच आन्तरिक ख्वप मुटकोर्ट प्रतियोगिता तथा 'ख्वप न्याय दबु' अङ्क ३ को विमोचन भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले 'ख्वप न्याय दबू' को विमोचन गर्नुभयो ।

कार्यक्रममा अध्यक्ष बिजुक्छेँले भक्तपुरलाई एक सांस्कृतिक नगरको रूपमा स्थापित गर्न सबैले मिलेर काम गर्नुपर्ने बताउनुभयो ।

उहाँले भक्तपुरको ऐतिहासिक र सांस्कृतिक पहिचान जोगाउँदै यसलाई अझ सुदृढ बनाउन स्थानीय सरकार, शैक्षिक संस्था र नागरिक सबैको साझा जिम्मेवारी रहेकोमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "जनताको स्वास्थ्य अधिकार सुनिश्चित गर्न उपभोक्ता ऐनलाई थप बलियो र प्रभावकारी बनाउनु आजको आवश्यकता हो । उपभोक्ताहरू नक्कली औषधि, मिसावटयुक्त खाद्यपदार्थ र गुणस्तरहीन सेवाबाट पीडित भइरहेको सन्दर्भमा कानुनी संरक्षण अझ कडा हुनुपर्छ ।"

कानुन पढ्नु भनेको केवल डिग्री हासिल गर्नु होइन, यो देश र जनताको सेवा गर्ने एक पवित्र दायित्व भएको चर्चा गर्दै अध्यक्ष बिजुक्छेँले विद्यार्थीहरूलाई सधैँ सचेत र सजग रहन आग्रह गर्दै समाजमा न्याय स्थापनाका लागि अग्रसर भूमिका खेल्न प्रोत्साहित गर्नुभयो ।

कानुनका विद्यार्थीहरू देशको भविष्यका स्तम्भ भएकाले शिक्षा, नैतिकता र सेवाभावलाई सँगसँगै लिएर अगाडि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रमका सभापति भक्तपुर नगरपालिकाका प्रमुख एवं कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले कानुनका विद्यार्थीहरूमा पठन संस्कृतिको विकास गर्न ख्वप कलेज अफ ल निरन्तर प्रयासरत रहेको बताउनुभयो ।

उहाँले विद्यार्थीहरूले पुस्तक पढ्ने बानी विकास गर्नु आजको आवश्यकता भएको र यसैका लागि कलेजले नियमित रूपमा 'ख्वप न्याय दबू' प्रकाशन गर्दै आएको जानकारी दिनुभयो ।

कानुनी ज्ञान र पठन संस्कृतिको विकासबिना एक सक्षम कानुन व्यवसायी बन्न नसकिने उहाँले स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, "भक्तपुर नगरपालिका यहाँको सर्वाङ्गीण विकासको लागि पूर्णरूपमा प्रतिबद्ध छ । शिक्षा, स्वास्थ्य, पूर्वाधार र सांस्कृतिक संरक्षण सबै क्षेत्रमा नगरपालिकाले ठोस कदम चाल्दै आएको छ ।"

वरिष्ठ अधिवक्ता एवं प्रा.डा. रञ्जितभक्त प्रधानाङ्गले ख्वप कलेज अफ लले कानुन शिक्षाको क्षेत्रमा गरिरहेको कार्यको प्रशंसा गर्दै भक्तपुरमा ख्वप विश्वविद्यालय चाँडोभन्दा चाँडो स्थापना हुनु अत्यावश्यक रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "ख्वप विश्वविद्यालयको स्थापनाले भक्तपुरलगायत आसपासका जिल्लाका विद्यार्थीहरूलाई उच्च शिक्षाको सहज पहुँच प्रदान गर्नेछ । यसले क्षेत्रीय शैक्षिक विकासमा ऐतिहासिक योगदान पुऱ्याउनेछ । विश्वविद्यालय स्थापनाका लागि सम्बन्धित निकायहरूले तत्काल पहल गर्नु जरूरी छ ।"

काठमाडौँ जिल्ला अदालतका न्यायाधीश एवं उपभोक्ता अदालतका अध्यक्ष डा. दिवाकर भट्टले शुभकामना मन्तव्य राख्नुभयो ।

मुटकोर्ट प्रतियोगिताको फाइनल प्रतियोगिताका न्यायाधीश वरिष्ठ अधिवक्ता प्रकाशमणि शर्माले भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्य क्षेत्रमा पुऱ्याएको योगदानको प्रशंसा व्यक्त गर्नुभयो ।

कार्यक्रममा ख्वप कलेज अफ लका प्राचार्य अनिता जधारीले स्वागत मन्तव्य राख्नुभयो ।

कार्यक्रमको अन्त्यमा DARLS विभागीय प्रमुख आशिष पौड्यालले धन्यवाद ज्ञापन गर्नुभयो ।

मुटकोर्ट प्रतियोगितामा राज प्रजापति, जिविता कुँवर, अंकित केसी, स्वस्तिका राई र विष्णुमाया तामाङको समूह प्रथम र हितेश पोखरेल, सुशील मैनाली, प्रशंसा घिमिरे, सेलिना नेपाल, युनिका खड्काको समूह द्वितीय भएको थियो । यसैगरी Best Oralist मा हितेश पोखरेल, Best Applicant Memorial मा पोखरेल समूह र Best Respondent Memorial मा राई समूह हुनुभयो । प्रथम हुन सफल समूहले रनिङ सिल्डसहित पदक र प्रमाणपत्र हासिल गऱ्यो ।

## ख्वप अस्पतालका चिकित्सकहरूबिच अन्तरक्रिया



भक्तपुर, २७ वैशाख । ख्वप अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सकहरूबिच आइतबार अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुरका जनताको स्वास्थ्य स्थिति राम्रो बनाउन पहिलेदेखि स्वास्थ्य केन्द्रहरू खोल्न जोड दिँदै आएको स्मरण गर्दै हाल ख्वप अस्पतालले जनताको राम्रो सेवा गरिरहेकोमा खुसी व्यक्त गर्नुभयो ।

उहाँले स्थानीय जनताको सहजताको लागि आवश्यकताअनुसार दोभाषेको व्यवस्था गर्नु उचित हुने सुझाव दिँदै जनतामा सरकारी अस्पताल झन् राम्रो हुन्छ भन्ने सन्देश ख्वप अस्पतालले दिनुपर्ने बताउनुभयो ।

उहाँले भक्तपुरमा विशेषज्ञ डाक्टरहरू नहुँदा जनताले धेरै दु:ख पाएको विगतको स्मरण गर्दै अहिले जनताको बढीभन्दा बढी सेवाको निम्ति जनप्रतिनिधि र चिकित्सकहरूबिच समय समयमा छलफल र अन्तरक्रिया गर्न सुझाव दिनुभयो ।

बिरामीहरूको बढ्दो चापलाई ध्यानमा राखेर अस्पतलाले आवश्यक स्वयंसेवकहरूको व्यवस्था गर्न पनि उहाँले ध्यानाकर्षण गर्नुभयो ।

अस्पताल व्यवस्थापन समितिका अध्यक्ष एवं नगर प्रमुख सुनिल प्रजापतिले ख्वप अस्पताललाई जनताको अस्पतालको रूपमा विकास गर्न प्रयत्नरत रहेको बताउँदै निरन्तर आवश्यक सेवा सुविधाहरू थप गर्दै एक सुविधा सम्पन्न अस्पतालको रूपमा विकास गर्न आफूहरू प्रतिबद्ध रहेको बताउनुभयो ।

उहाँले बीमाबाट भुक्तानी नहुँदा अस्पताल सञ्चालनमा समस्या रहेको उल्लेख गर्नुभयो ।

अस्पतालका निमित्त निर्देशक डा. मजेशप्रताप मल्लले अस्पतालले हालसम्म गर्दै आएको सेवा सुविधाबारे स्पष्ट पार्नुभयो ।

सहभागी चिकित्सकहरूले अस्पतालमा आवश्यकताअनुसार आधुनिक स्वास्थ्य उपकरणहरू र जनशक्ति थप्दै लानुपर्ने, बेवारिसे बिरामीहरूको उपचार बढ्दै गएको प्रति व्यवस्थापनले ध्यान दिनुपर्ने बताउनुभयो ।

## सुर्खेतमा मार्क्स जयन्ती

सुर्खेत, २७ वैशाख । विश्व सर्वहारावर्गका महान् गुरू कार्ल मार्क्सको २०८ औँ जन्म जयन्तीको अवसरमा अन्तरक्रिया कार्यक्रम वीरेन्द्रनगरमा शनिबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका वैकल्पिक केन्द्रीय सदस्य प्रकाश गुरूङले कामदारवर्गको मुक्तिको बाटो मार्क्सवादले देखाएको कारण मार्क्सलाई सधैँ मानव समुदायले सम्झिरहनेछन् भन्नुभयो ।

निजी सम्पत्तिको उत्पत्ति भएदेखि मानव समुदायमा लोभलालच सुरू भएको हुँदा निजी सम्पत्तिको अन्त्य हुने साम्यवादी व्यवस्थाको लागि सङ्घर्ष गर्नुपर्ने उहाँले बताउनुभयो ।

कार्यक्रमको सभापति एवं नेमकिपा कर्णाली प्रदेश समिति सदस्य

बाँकी पृष्ठ ८ मा

## अमेरिका पक्षधर देशले हर्मुजमा 'कठिनाइको सामना गर्नुपर्ने' इरानको भनाइ

तेहरान, १० मे (एएफपी) । इस्लामिक गणतन्त्र इरानविरुद्ध संयुक्त राज्य अमेरिकाले लगाएका प्रतिबन्धहरूको पालना गर्ने देशहरूले 'स्ट्रेट अफ हर्मुज' पार गर्न कठिनाइको सामना गर्नुपर्ने इरानको सेनाले आइतबार चेतावनी दिएको छ ।

यसै महिनाको सुरुवातमा अमेरिकी सरकारले इरानको हित र चासोका विषयमा नयाँ प्रतिबन्ध लगाएको थियो । अमेरिकाले जहाजलाई तेहरानका अधिकारीहरूलाई उक्त जलमार्गबाट जान पैसा नदिन आग्रह गरेको थियो ।



एएफपीले प्राप्त गरेको सूचनाअनुसार संयुक्त राज्य अमेरिका र बहराइनले इरानलाई जलमार्गबाट ढुवानीमा प्रतिबन्ध रोक्न आग्रह गरिएको संयुक्त राष्ट्रसङ्घमा पेस गर्न तयार पारिएको प्रस्तावको मस्यौदा तयार गरेका छन् । प्रस्तावमा फेब्रुअरी २८ मा युद्ध सुरु भएदेखि एक प्रमुख तनावको केन्द्र बनेको 'स्ट्रेट अफ हर्मुज' को जलमार्गबाट ढुवानीमा प्रतिबन्ध रोक्न आग्रह गरिएको छ ।

इरानको आधिकारिक समाचार संस्था इर्नाले इरानी सैनिक अधिकारी मोहम्मद अक्रामनियाले आइतबार उद्धृत गर्दै लेखेको छ, "इस्लामिक गणतन्त्र इरानमाथि प्रतिबन्ध लगाएर अमेरिकाको आदेश पालना गर्ने देशहरूलाई निश्चित रूपमा यो जलमार्ग पार गर्न कठिनाइ हुनेछ ।"

उहाँले भन्नुभयो, "हामीले स्ट्रेट अफ हर्मुजमा नयाँ कानुनी र सुरक्षा प्रणाली स्थापना गरेका छौँ । अबदेखि कुनै पनि जहाजले यसबाट जान चाहेमा हामीसँग समन्वय गर्नुपर्छ ।"

उहाँले यो प्रणाली अहिले लागू भएको र यसले आर्थिक, सुरक्षा र राजनीतिक लाभ ल्याउने बताउनुभयो ।

शनिबार इरानी संसद्‌को राष्ट्रिय सुरक्षा आयोगका प्रमुख इब्राहिम अजिजीले एक्समा एक पोस्ट गर्दै नयाँ विधेयक प्रस्ताव गरिएको बताउनुभएको थियो ।

उहाँले भन्नुभयो, "हामी बहराइनजस्ता साना राष्ट्र र सरकारलाई जानकारी गराउँछौँ कि अमेरिकी प्रस्तावको पक्ष लिँदा उनीहरूले गम्भीर परिणाम भोग्नुपर्ने हुन्छ । 'स्ट्रेट अफ हर्मुज' विश्वभर इन्धन ढुवानीका लागि एक महत्त्वपूर्ण जलमार्ग हो । यो मार्ग

बाँकी पृष्ठ २ मा

व्यङ्ग्यचित्र कुनो



# वागीश्वरी माविमा बाल अदालतसम्बन्धी अन्तरक्रिया



भक्तपुर, २७ वैशाख । कानुन दिवसको अवसरमा भक्तपुर बाल अदालतबाट वागीश्वरी माविमा कक्षा ११ अध्ययनरत कानुन समूहका विद्यार्थीहरूबिच बाल अदालत प्रचारात्मक कार्यक्रम गरी आइतबार कानुन दिवस मनाइयो ।

कार्यक्रममा भक्तपुर बाल अदालतको श्रेस्तेदार कृष्णशोभा सुवालले बाल अदालतको परिचय, काम कर्तव्य र अधिकार, क्षेत्र, प्रक्रिया र यसका सबल पक्षहरूबारे प्रस्तुतीकरण गर्नुभयो ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद कर्माचार्यले वर्तमान अवस्थामा सबै क्षेत्रमा कानुनी प्रक्रियाको जानकारी राख्नुपर्ने अपरिहार्यता रहेको धारणा राख्दै भक्तपुर जिल्ला अदालत र अन्य निकायसँग नियमित संवाद र समन्वयले विद्यालय र अदालतबिचको सम्बन्ध प्रगाढ हुँदै गएको बताउनुभयो ।

अधिवक्ता विकल प्रजापतिले कानुन दिवसको मुख्य ध्येय नै विधिको शासन लागू गर्ने हो भन्नुभयो ।

# न्यायदृष्टि अङ्क ४ को अन्तरक्रिया

सुर्खेत, २७ वैशाख । ७५ औं कानुन दिवसको अवसरमा वीरेन्द्रनगरमा आइतबार 'न्याय दृष्टि' वर्ष १२ अङ्क ४ को अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपा जिल्ला समिति सुर्खेतका अध्यक्ष एवम् कर्णाली प्रदेश समिति सदस्य हरिबहादुर बोहोराले नेपालको कानुन तल्लो वर्गको पहुँचभन्दा बाहिर रहेकाले तल्लो वर्गलाई कानुनी शिक्षा दिन न्यायदृष्टिले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

कार्यक्रममा नेमकिपा कर्णाली प्रदेश समिति सदस्य धनेन्द्र विकले विदेशीहरूबाट नेपालमा भएको नाङ्गो हस्तक्षेपलाई स्तम्भकारहरूले पाठकसमक्ष पुऱ्याएको बताउनुभयो ।

कार्यक्रममा अकल राना, लालबहादुर थापा, कुस्माखर खनाल, अम्मर भण्डारी, इन्द्रप्रसाद न्यौपाने, शिवराज दाहाललगायतले 'न्यायदृष्टि' मा प्रकाशित लेखहरूबारे बोल्नुभएको थियो ।

कार्यक्रम कानुन अध्यन समाजका कर्णाली प्रदेश समितिका संयोजक टीकाप्रसाद पोखरेलको अध्यक्षतामा भएको थियो ।

# सामूहिक साकोसको आयोजनामा विस्तारित मञ्च कार्यक्रम




भक्तपुर, २७ वैशाख । सामूहिक बचत तथा ऋण सहकारी संस्था लि. को आयोजनामा संस्थाका सचिव तथा सेवा केन्द्र उपसमिति संयोजक सञ्जय जोन्छेको सभापतित्वमा संस्थाको सेवा केन्द्रको बचत र ऋणको विषयमा सदस्यहरूको भेलामा आइतबार विस्तारित मञ्च कार्यक्रम सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष राजाभाइ भेलेको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा प्रमुख अतिथिले गमलामा पानी हालेर कार्यक्रमको उद्घाटन गर्दै सदस्यहरूको सक्रियता र सहकारीप्रतिको विश्वासले सेवा केन्द्र अझ दिगो हुने धारणा व्यक्त गर्नुभयो ।

संस्थाको प्रस्तुतीकरण संस्थाका सहायक व्यवस्थापक अनिता दुवालले गर्नुभएको थियो ।

सेवा केन्द्र सञ्चालन उपसमिति सदस्य धीरज खतिवडाले सक्षम पदाधिकारी र सक्रिय सदस्य नै दीगो सहकारीको आधार रहेको बताउनुभयो ।

सभापति सञ्जय जोन्छेले सदस्यहरू समय समयमा कार्यालयमा आएर संस्थाको बारेमा बुझ्नुपर्ने बताउनुभयो । उक्त कार्यक्रमको सञ्चालन संस्थाका व्यवस्थापक रवीन्द्र घिमिरेले गर्नुभएको थियो ।

# नेपाली श्रमिकलाई श्रम सचेतना तथा सुरक्षित रोजगारीबारे जानकारी

काठमाडौँ, २७ वैशाख । संयुक्त अरब इमिरेट्स (युएई) स्थित नेपाली राजदूतावासले आबुधाबीमा कार्यरत नेपाली श्रमिकलाई लक्षित गरी श्रम सचेतना तथा सुरक्षित रोजगारीसम्बन्धी अन्तरक्रिया सम्पन्न गरेको छ ।

राजदूतावास परिसरमा आयोजित कार्यक्रममा युएईका विभिन्न कम्पनीमा कार्यरत नेपाली श्रमिकको सहभागिता थियो । कार्यक्रममा राजदूतावासका श्रम सहचारी पङ्कज लामिछानेले श्रमिकका हकअधिकार र सुरक्षासम्बन्धी विषयमा प्रस्तुति दिनुभएको थियो ।

उहाँले कम्पनीमा काम गर्दा पालना गर्नुपर्ने नियम, वैदेशिक रोजगारीका क्रममा अपनाउनुपर्ने सावधानी, श्रम स्वीकृति नवीकरण, सामाजिक सुरक्षा कोषको प्रयोग तथा नेपाल सरकारले वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि उपलब्ध गराएका सुविधाबारे जानकारी गराउनुभएको थियो ।

साथै राहदानी, इमिरेट्स आइडी, श्रमिकको परिचयपत्रलगायत व्यक्तिगत कागजात सुरक्षित राख्न र साइबर अपराध तथा आर्थिक ठगीबाट जोगिन सचेत रहन आग्रह गर्नुभयो ।

कार्यक्रममा विदेशमा हुने खोजतलास, उद्धार, व्यवस्थापन, क्षतिपूर्ति तथा श्रमिक सहायतासम्बन्धी निवेदन नेपाल सरकारको कन्सुलर सेवा विभागद्वारा सञ्चालित अनलाइन प्रणालीमार्फत दर्ता गर्न सकिने जानकारी दिइएको थियो ।

राजदूतावासका तृतीय सचिव विमलेशकुमार मिश्रले राहदानी तथा कन्सुलर सेवासम्बन्धी जानकारी दिनुभएको थियो । कार्यक्रममा सहभागी श्रमिकले यस्ता सचेतनामूलक कार्यक्रम नियमित रूपमा सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याएका थिए ।

सहभागीले न्यूनतम पारिश्रमिक, श्रम मापदण्डको पालना तथा वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकको श्रम, सीप र योगदानको सम्मान तथा संरक्षणका लागि नेपाल सरकारले थप पहल गर्नुपर्ने धारणा राखेका थिए ।

कार्यक्रममा दैनिक जीवन र कार्यस्थलमा हुने आकस्मिक घटनामा प्राथमिक उपचार कसरी गर्ने भन्ने विषयमा 'फर्स्ट एड' सम्बन्धी व्यावहारिक जानकारीसमेत प्रदान गरिएको थियो ।

कार्यक्रममा युएईका लागि नेपाली राजदूत तेजबहादुर क्षेत्रीसहित राजदूतावासका कूटनीतिक कर्मचारीको उपस्थिति थियो । *रासस*

# सुकुमवासी हटाउँदा खोला मापदण्ड पीडितलाई न्याय गर्न अधिकारकर्मीहरूको माग

काठमाडौँ, २७ वैशाख । सुकुमवासी हटाउँदा खोला मापदण्ड पीडितलाई न्याय गर्नुपर्नेमा अधिकारकर्मीहरूले ध्यानाकर्षण गराएका छन् । पछिल्लो समय बालेन्द्र शाह नेतृत्वको सरकारले देशैभरका खोला तथा नदी किनारका अव्यवस्थित बसोबासीहरूलाई डोजर चलाएर हटाउँदै गर्दा लालपुर्जा भएका खोला मापदण्ड पीडितलाई न्याय गर्न उनीहरूले माग गरेका छन् ।

'लहना' साप्ताहिक पत्रिकाको १३ औँ वार्षिकोत्सव कार्यक्रममा अधिकारकर्मी डा. विजय सैंजुले राजधानी काठमाडौँमा लालपुर्जा भएका रैथानेहरू डोजर आतङ्कमा परेकोप्रति असन्तुष्टि व्यक्त गर्दै सरकारले वास्तविक सुकुमवासीको पहिचान गरेर पुनर्स्थापित गराउनुपर्ने र खोला मापदण्ड पीडितको हकमा न्याय दिलाउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेवा: देय् दबूका अध्यक्ष रश्मिला प्रजापतिले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा कार्टुनिस्ट रविन सायमिलाई नगदसहित लहना सुरेशकिरण पत्रकारिता पुरस्कार ११४६ बाट सम्मानित गरिएको थियो । नेपाल समाचारपत्रका सहायक सम्पादक सुनिल महर्जनलाई लहना सुशीलवीर सिंह पत्रकारिता पुरस्कार, एपिवान टेलिभिजनकर्मी राजु नापित र खबर सेन्टर अनलाइनका उत्तमकुमार श्रेष्ठलाई लहना धर्ममोति पत्रकारिता पुरस्कार, इमेज च्यानल टेलिभिजनकर्मी केके मानन्धर र नेपाल टेलिभिजनकर्मी शकुन्तला महर्जनलाई लहना केशव कृष्णवदन मातृभाषा पत्रकारिता पुरस्कार, वरिष्ठ निर्देशक पवन जोशी तथा कलाकार आराध्यालक्ष्मी खड्गीलाई लहना शर्मिष्ठा सुर सम्मानबाट सम्मानित गरिएको थियो ।

**अमेरिका...**

भएर विश्वको आवश्यकताको कम्तीमा २० प्रतिशत इन्धन ढुवानी हुन्छ ।

"यसलाई सधैँभरि आफैँमा बन्द गर्ने जोखिम नलिनुहोस्," उहाँले थप्नुभयो ।

इरानले जलमार्गबाट केवल एकाध जहाजलाई जान अनुमति दिएको छ, जुन मार्गले शान्तिकालमा विश्वको तेल र ग्याँस प्रवाहको पाँच भागको एक भागका साथै अन्य महत्त्वपूर्ण वस्तुहरूको लागि सेवा प्रवाह गर्छ ।

गत महिना संसद्का उपसभामुख हमिद्रेजा हाजिबाबेईले तेहरानले मार्गमा लगाएको शुल्कबाट पहिलोपटक राजस्व प्राप्त गरेको बताउनुभएको थियो ।

संयुक्त राज्य अमेरिका र बहराइनले प्रस्ताव गरेको संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को प्रस्तावलाई भिटो शक्ति प्रयोग गरी रोक्न आफू तयार रहेको बताएको छ ।

**हर्मुज क्षेत्रमा तनावबिच कूटनीतिक प्रयास जारी**

यसैबिच इरानको इस्लामिक रिभोलुसनरी गार्ड्सले यदि इरानी ट्याङ्कर तथा व्यापारी जहाजहरूलाई आक्रमण गरिएमा क्षेत्रीय रूपमा रहेका अमेरिकी लक्ष्यहरूमा कडा प्रतिक्रिया दिन सकिने चेतावनी दिएको छ ।

इरानी सञ्चारमाध्यमका अनुसार गार्ड्सले इरानी जहाज वा व्यापारिक ढुवानीमा कुनै प्रकारको आक्रमण भएमा त्यसको गम्भीर जवाफ दिइने स्पष्ट पारेका छन् । यो अभिव्यक्ति हालै ओमानको खाडीमा देखिएको तनावपछि आएको हो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले शान्ति प्रस्तावको पछिल्लो पहलमा छिट्टै प्रतिक्रिया दिने अपेक्षा व्यक्त गरेका छन् । यद्यपि, इरानले अहिलेसम्म आफ्नो आधिकारिक प्रतिक्रिया सार्वजनिक गरेको छैन । इरानका विदेशमन्त्री अब्बास अराघचीले पछिल्ला घटनाक्रमले कूटनीतिक प्रक्रियामा केही चुनौती थपिएको बताउँदै सबै पक्षले संयमता र संवादलाई प्राथमिकता दिनुपर्नेमा जोड दिए ।

यसैबिच, हर्मुज जलडमरू र खाडी क्षेत्रमा पछिल्ला दिनहरूमा तनावपूर्ण अवस्था देखिएको छ । समुद्री मार्ग र ऊर्जा ढुवानी सुरक्षालाई लिएर अन्तर्राष्ट्रिय समुदायले चासो व्यक्त गर्दै सबै पक्षलाई संयम अपनाउन आग्रह गरेको छ ।

खार्ग टापु नजिक तेल चुहावटको सङ्केत देखिएको विषयमा पनि सम्बन्धित निकायहरूले निगरानी बढाएका छन्, यद्यपि यसको कारणबारे स्पष्ट जानकारी आइसकेको छैन ।

क्षेत्रीय शान्ति र स्थायित्वका लागि कूटनीतिक प्रयास जारी रहने अपेक्षा गरिएको छ ।

# अन्तर्राष्ट्रिय आर्गानिया दिवस मनाइयो

काठमाडौँ, २७ वैशाख । आइतबार विश्वका विभिन्न देशमा जैविक विविधता संरक्षणसम्बन्धी चेतनामूलक कार्यक्रमका साथ अन्तर्राष्ट्रिय आर्गानिया दिवस मनाइयो ।

यो विशेष वनस्पति कृषि, जैविक विविधता, दिगो पारिस्थितिक प्रणाली तथा समृद्ध सांस्कृतिक सम्पदाका कारण विश्वव्यापी रूपमा परिचित छ । यही महत्त्वलाई ध्यानमा राख्दै विभिन्न संयुक्त राष्ट्रसङ्घीय निकायहरूले यस क्षेत्रलाई विशेष मान्यता तथा संरक्षण प्रदान गरेका छन् ।

संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन ( युनेस्को) ले सन् १९९८ मा आर्गान उत्पादन हुने स्थानीय क्षेत्रलाई 'आर्गानेराइ बायोस्फियर रिजर्भ' का रूपमा घोषणा गरेको थियो । त्यसैगरी, आर्गान रूखसँग सम्बन्धित परम्परागत ज्ञान, सीप र संस्कृतिलाई सन् २०१४ मा युनेस्कोको मानवताको अमूर्त सांस्कृतिक सम्पदा सूचीमा समावेश गरिएको थियो ।

यसैबिच, राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन (एफएओ) ले सन् २०१८ डिसेम्बरमा मोरक्कोको ऐत सुआब-ऐत मनसुर क्षेत्रमा रहेको आर्गान-आधारित कृषि, वन तथा पशुपालन प्रणालीलाई विश्वका महत्त्वपूर्ण कृषि सम्पदा प्रणालीका रूपमा मान्यता दिएको थियो ।

त्यसपछि सन् २०२१ मा राष्ट्रसङ्घीय महासभाले मे १० लाई अन्तर्राष्ट्रिय आर्गानिया दिवसका रूपमा घोषणा गरेको हो । मोरक्कोद्वारा प्रस्तुत उक्त प्रस्तावलाई संयुक्त राष्ट्रसङ्घका ११३ सदस्य राष्ट्रले स्वीकार गरेका थिए । यो स्वीकृतिसँगै मोरक्कोको प्रस्ताव सर्वसम्मत रूपमा पारित भएको हो ।

आर्गान मुख्यत: मोरक्कोमा पाइन्छ । यसबाट उत्पादन हुने आर्गान तेल स्वास्थ्य, सौन्दर्य तथा पोषणका दृष्टिले अत्यन्त महत्त्वपूर्ण मानिन्छ । साथै, आर्गान वनले स्थानीय समुदायको जीविकोपार्जन, वातावरण संरक्षण तथा महिला सशक्तीकरणमा समेत महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । *रासस*

## सङ्क्षिप्त समाचार

## गोठाटारस्थित नागेश्वर मन्दिरमा चोरी

काठमाडौँ, २७ वैशाख । कागेश्वरी मनोहरा नगरपालिका-९ गोठाटारमा रहेको नागेश्वर महादेव मन्दिरमा चोरी भएको छ । मन्दिर संरक्षण तथा व्यवस्थापन समितिका अध्यक्ष प्रकाश रायमाझीले शनिबार राति मन्दिरको भेटी राखिएको बाकस चोरी भएको जानकारी दिनुभयो ।

आइतबार बिहान पूजा गर्ने क्रममा पुजारीले भेटीको बाकस नदेखेपछि खोजी गर्दा कतै नपाइएकाले जानकारी प्राप्त भएको उहाँले बताउनुभयो ।

बाकस महाशिवरात्रि पर्वपछि नखोलिएकाले त्यसमा करिब रु. आठदेखि १० लाख रहेको जनाइएको छ । यहाँ मन्दिर सुरक्षाका लागि राखिएको प्रहरी बिट गत भदौको जेनजी आन्दोलनपछि हटाइएको थियो । समितिले प्रहरी बिट पुन:स्थापनाको माग गर्दै आएको थियो ।

पशुपति क्षेत्रस्थित गौचरणमा रहेको नागेश्वर मन्दिर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल विस्तारका क्रममा गोठाटारमा स्थानान्तरण गरिएको हो । *रासस*

## ट्राफिक कारबाहीमा चार लाख ४८ हजार राजस्व सङ्कलन

काठमाडौँ, २७ वैशाख । बितेका २४ घण्टामा एक हजार ८५४ सवारी चालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन् । यसबाट राज्यकोषमा रु. चार लाख ४८ हजार राजस्व दाखिला भएको छ ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार मादक पदार्थ सेवन गरेको १२५, नियमविपरीत 'राइड सेयरिङ' गरेका १६६, ट्राफिक सङ्केत उल्लङ्घनकर्ता १७९ र तीव्र गतिमा सवारीसाधन हुइँक्याएका १७१ जनालाई कारबाही गरिएको हो ।

यसैगरी, 'लेन' अनुशासन पालना नगर्ने २७, निषेधित क्षेत्रमा हर्न बजाउने १०४, सडक पेटीमा सवारीसाधन पार्किङ गर्ने ६६, एकतर्फी सडकमा सवारी चलाउने ११२ र अन्य सवारी नियम पालना नगरेका एक हजार ९०४ जनालाई कारबाही गरिएको हो । *रासस*

## सिद्धिचरण राजमार्ग पूर्ण रूपमा अवरुद्ध

काठमाडौँ, २७ वैशाख । यही वैशाख २६ गतेको बेमौसमी वर्षापछिको बाढीका कारण उदयपुर कटारी नगपालिका-१४ दलदलेस्थित सिद्धिचरण राजमार्गमा पूर्ण रूपमा अवरुद्ध भएको छ ।

उदयपुर कटारी नगरपालिका-१४ दलदलेस्थित सिद्धिचरण राजमार्ग शनिबारदेखि पूर्ण रूपमा अवरोध भएको केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले जानकारी दिनुभयो ।

काभ्रेपलाञ्चोकस्थित सिन्धुली खुर्कोट-नेपालथोक-कटुन्जेबेँसी चल्ने विपी राजमार्ग सडक खण्डमा आइपर्ने सम्भावित बाढीलाई मध्यनजर गर्दै यही वैशाख २१ गते बेलुका ५ बजेदेखि बिहान ५ बजेसम्म चल्ने सम्पूर्ण सवारी साधन अर्को आदेश नभएसम्मका लागि सञ्चालनमा रोक लगाइएको प्रहरीले जनाएको छ । *रासस*

## लेक लागेर सगरमाथा आरोहीको निधन

सोलुखुम्बु, वैशाख २७ । सगरमाथा आरोहणमा जाने क्रममा लेक लागेर एक जनाको मृत्यु भएको छ । सोलुदुधकुण्ड नगरपालिका-७ निवासी विजय घिमिरे विश्वकर्माको लेक लागेर आइतबार निधन भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक विकास राईका अनुसार सगरमाथाको क्याम्प-१ क्षेत्रमा पुग्नुभएका आरोही घिमिरे आइतबार बिहान करिब ४:०० बजेतिर अचानक बिरामी पर्नुभएको थियो । उहाँलाई तत्काल बेस क्याम्पतर्फ फर्काउने क्रममा बाटोमै निधन भएको हो ।

ट्रेक नेपाल कम्पनीमार्फत आरोहणमा सहभागी घिमिरेको शव हेलिकोप्टरमार्फत लुक्ला हेलिप्याड ल्याइएको र परीक्षणका लागि त्रिवि शिक्षण अस्पताल काठमाडौँ ल्याउने तयारी भइरहेको प्रहरीले जनाएको छ । यसअघि पनि सगरमाथाको चुचुरो चुमिसक्नुभएका घिमिरे पछिल्लो समय आरोही 'गाइड' को रूपमा समेत कार्यरत हुनुहुन्थ्यो । *रासस*

## धनुषामा बस दुर्घटना हुँदा चालकसहित १७ जना घाइते

धनुषा, २७ वैशाख । पूर्व-पश्चिम सडकखण्डअन्तर्गत जिल्लाको मिथिला नगरपालिका-०९ फुटबल ग्राउण्ड नजिक आइतबार बिहान बस दुर्घटना हुँदा १७ जना घाइते भएका छन् ।

काठमाडौँबाट विराटनगरतर्फ जाँदै गरेको वाग्मती प्रदेश ०१-००६ ख ५२३७ नम्बरको बस अर्को बसलाई उछिन्ने क्रममा अनियन्त्रित भई सडकमै पल्टिएको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय ढल्केवरका अनुसार बसमा ३३ यात्रु रहेकामा चालकसहित १७ जना घाइते भएका हुन् । घाइतेहरूको लालगढस्थित मोडल अस्पतालमा उपचार भइरहेको छ । *रासस*



**खाँदबारी-किमाथाङ्का सडक खण्ड**
उत्तर दक्षिण कोशी राजमार्ग सङ्खुवासभाको खाँदबारी नगरपालिका ४ स्थित १ हजार ८ सय ९० मिटर उचाइको छ्याङकुटी डाँडाबाट देखिएको खाँदबारी-किमाथाङ्का सडक खण्ड । खाँदबारी-किमाथाङ्का सडक खण्ड नेपाल-चीन-भारतलाई जोड्ने त्रिदेशीय मुख्य व्यापारिक मार्ग हो । *तस्बिर: भविन कार्की/रासस*

# प्रभावकारी बन्दै आवास बीमा कार्यक्रम

जानकी (बाँके), २७ वैशाख । गत वर्षको भदौमा परेको अविरल वर्षाले नेपालगञ्ज उपमहानगरपालिका-७ निवासी उत्तमसिंह पञ्जावीको घर भत्कियो । वर्षौं दु:ख गरेर बनाएको घर क्षतिग्रस्त भएपछि उहाँको परिवारलाई निकै तनाव भएको थियो ।

पञ्जावीले विगत सम्झिँदै भन्नुभयो, "त्यो रात सम्झिँदा अझै डर लाग्छ । निरन्तरको पानीले घरको केही भाग भत्कियो । परिवारका सबै सदस्यले भागेर ज्यान जोगायौँ । सबैभन्दा ठुलो चिन्ता साना बालबालिकाको थियो । त्यसमाथि फेरि घर बनाउन आर्थिक जोहो कसरी गर्ने भन्ने चिन्ता थियो । धेरै दिनसम्म निद्रा लाग्दैनथ्यो ।"

आर्थिक अवस्था कमजोर भएका कारण तत्काल घर मर्मत गर्ने सम्भावना पनि थिएन, तर नेपालगञ्ज उपमहानगरपालिकाले लागू गरेको आवास बीमा कार्यक्रम उहाँका लागि वरदान भयो । राष्ट्रिय बीमा कम्पनीमार्फत गरिएको बीमाअन्तर्गत रु. दुई लाख ३२ हजार ९०० दावी भुक्तानी पाएपछि पञ्जावीको घर फेरि ठडिएको छ ।

नगरप्रमुख प्रशान्त विष्टले पहिलो लाभग्राहीका रूपमा चेक हस्तान्तरण गर्दा आफू भावुक बनेको क्षण सम्झिँदै उहाँले भन्नुभयो, "पहिले घरको बीमा किन गरिरहनुपर्‍यो र भन्ने लागेको थियो, घर भत्किएपछि पो थाहा पाइयो बीमाको महत्त्व । हाल त्यही बीमाका कारण ओत लाग्ने अवस्था बनेको छ । आवास बीमा कार्यक्रम विपद्को समयमा गरिब तथा न्यून आय भएका परिवारका लागि त ठूलो सहारा हुँदो रहेछ ।"

नेपालगञ्ज उपमहानगरपालिकाले विपद्जन्य जोखिम न्यूनीकरणका लागि वडा नं ३ र ७ मा आवास बीमा कार्यक्रम लागू गरेको छ । जोखिमयुक्त परिवारलाई लक्षित गर्दै सञ्चालन गरिएको कार्यक्रमअन्तर्गत हालसम्म एक सय ८४ परिवारमा यसमा आबद्ध भएका छन् ।

नगरप्रमुख विष्टले विपद् आएपछि राहत वितरण गर्नुभन्दा विपद् आउनुअघि नै सुरक्षाको आधार तयार गर्ने उद्देश्यसहित आवास बीमा कार्यक्रम लागू गरिएकामा हाल प्रभावकारी बन्दै गएको बताउनुभयो । "विपद् कहिले आउँछ भन्ने निश्चित हुँदैन, तर त्यसको असर कम गर्न पूर्वतयारी गर्न सकिन्छ । सोही सोचअनुसार सुरु गरिएको बीमा कार्यक्रम प्रभावकारी बन्दै गएको छ," उहाँले भन्नुभयो ।

नगरप्रमुख विष्टले दुई वडाबाट सुरु गरिएको कार्यक्रम हाल वडा नं ८ र ११ मा पनि विस्तार गरिएको र आगामी दिनमा सबै वडाका जोखिमयुक्त परिवारलाई यसमा समेट्ने योजना रहेको जानकारी दिनुभयो । नेपालगञ्जले सुरु गरेको यस्तो कार्यक्रमबाट प्रभावित हुँदै नरैनापुर गाउँपालिका, कोहलपुर नगरपालिका र खजुरा गाउँपालिकाले यसै आर्थिक वर्षदेखि कार्यान्वयन गर्ने तयारी गरेका छन् ।

विपद् सम्पर्क व्यक्ति दिपेन्द्र श्रेष्ठले आवास बीमा कार्यक्रमले समुदायमा विपद्बारे सचेतना बढाउनुका साथै क्षतिपछि पुन:स्थापनामा सघाउ पुगेको बताउनुभयो । उहाँले भन्नुभयो, "पहिला नागरिकले बीमा भनेपछि झन्झट मान्थे, हाल लाभ पाउन थालेपछि समुदायमा विश्वास बढ्दै गएको छ । यसबाट प्रभावित हुँदै अन्य स्थानीय तहले पनि कार्यक्रम लागू गर्ने तयारी गरेका छन् । यो राम्रो पक्ष हो ।"

यहाँ बीमाको प्रिमियम रकम उपमहानगरपालिकाले ब्यहोर्ने गरेको छ भने क्षतिको अवस्थाअनुसार बिमितलाई रु. १५ लाखसम्म दिने व्यवस्था गरिएको छ ।

स्थानीयवासीका अनुसार पछिल्ला वर्षमा अविरल वर्षा, डुबान र हावाहुरीका घटना बढ्दै गएका छन् । यसबाट कमजोर संरचना बनाएर बस्ने परिवार बढी प्रभावित हुने गरेका छन् । यस्तो अवस्थामा आवास बीमा कार्यक्रमले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

यसका लागि यहाँ कार्यान्वयनमा रहेको विपद् पूर्वतयारी तथा व्यवस्थापनमा सुपर कार्यक्रमले प्राविधिक सहकार्य गरिरहेको छ । युरोपियन युनियनको आर्थिक सहयोग तथा युएनडिपीलगायत विभिन्न संस्थाको साझेदारीमा सञ्चालित उक्त कार्यक्रमले नेपालगञ्ज उपमहानगरपालिकासँग समन्वय गर्दै विपद् जोखिम न्यूनीकरणका गतिविधि सञ्चालन गरिरहेको छ । *रासस*

# लागुऔषध नियन्त्रण तथा सेवनकर्ता खोजी एवं सुधार अभियान सञ्चालन

चन्द्रपुर (रौतहट), २७ वैशाख । रौतहटमा प्रहरीले 'लागुऔषध नियन्त्रण तथा सेवनकर्ता खोजी एवं सुधार अभियान' सञ्चालनमा ल्याएको छ ।

रौतहटमा पछिल्ला समय युवापुस्तामाझ लागुऔषधको प्रयोग र कारोबार बढ्दै गएपछि प्रहरीले 'लागुऔषध नियन्त्रण तथा सेवनकर्ता खोजी एवं सुधार अभियान' सञ्चालन गरेको हो ।

नेपाल-भारत सीमा क्षेत्र तथा जिल्लाको उत्तरीभेग चन्द्रनिगाहपुरको विभिन्न भू-भागमा लागुऔषध सेवनकर्ता तथा बिक्रीवितरणमा बढोत्तरी भएपछि यसको नियन्त्रणका लागी प्रहरी सक्रिय भएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक सीताराम रिजालका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ मा लागुऔषध कारोबारसम्बन्धी मुद्दामा २६ जनाविरुद्ध मुद्दा दायर गरेको छ । प्रहरीले ६३ जनालाई पक्राउ गरी कानुनी दायरामा ल्याएको प्रहरी उपरीक्षक रिजालले जानकारी दिनुभयो ।

उहाँका अनुसार लागुऔषध नियन्त्रण केवल पक्राउ र कारबाहीमा सीमित राखेर समस्या समाधान नहुने देखिएपछि जिल्लामा 'लागुऔषध नियन्त्रण तथा सेवनकर्ता खोजी एवं सुधार अभियान' शुक्रबारदेखि सुरु गरिएको हो ।

प्रहरीको तथ्याङ्कले रौतहटमा सीमावर्ती क्षेत्र हुँदै लागुऔषध ओसारपसार तथा युवामा यसको प्रयोग बढ्दै गएको देखाइरहेको छ ।

विशेषगरी बेरोजगारी, कमजोर पारिवारिक निगरानी, सीमापार सहज आवतजावत र साथीहरूको प्रभावका कारण किशोर तथा युवा वर्ग लागुऔषधको दुर्व्यसनतर्फ आकर्षित भइरहेको प्रउ रिजालको भनाइ छ ।

प्रउ रिजालले लागुऔषध दुर्व्यसनलाई केवल कानुनी विषयका रूपमा नभई सामाजिक, पारिवारिक र स्वास्थ्यसँग गाँसिएको जटिल समस्याका रूपमा बुझ्नुपर्ने बताउनुभयो । पक्राउ गरेर मात्रै समस्या समाधान नहुनेहुँदा खोज, उपचार र सुधारलाई सँगसँगै अघि बढाउनुपर्ने रौतहट प्रहरी प्रमुख रिजालले बताउनुभयो ।

अभियानअन्तर्गत जिल्लाका सबै स्थानीय तहमा पुगेर लागुऔषध सेवनकर्ताको पहिचान, तथ्याङ्क सङ्कलन, परामर्श सेवा, सचेतनामूलक कार्यक्रम तथा आवश्यक परे उपचार र पुन:स्थापनाका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेसमेत उहाँले जानकारी दिनुभएको छ ।

प्रहरीका अनुसार अभिभावक, शिक्षक, जनप्रतिनिधि, स्वास्थ्य संस्था तथा सामाजिक सङ्घसंस्थासँग सहकार्य गरिनेछ । पहिचान भएका व्यक्तिलाई अपराधीको दृष्टिले नभई सुधार आवश्यक व्यक्तिका रूपमा हेरेर पुन:समाजमा स्थापित गर्ने रणनीति बनाइएको छ ।

लागुऔषध दुर्व्यसनीका कारण पनि एचआइभी एड्स सङ्क्रमितको सङ्ख्या रौतहटमा बढेको पाइएको छ । पछिल्लो तथ्याङ्कअनुसार रौतहटमा एचआइभी एड्स सङ्क्रमितको सङ्ख्या ५४० रहेको छ भने ४२५ जनाले औषधि सेवन गर्दै आएको स्वास्थ्य कार्यालय रौतहटका प्रमुख राजेश सिंहले जानकारी दिनुभएको छ । *रासस*

। सम्पादकीय ।

# सरकारले जनताको माग सम्बोधन गर्ला ?

राष्ट्रपतिको आह्वानअनुसार वैशाख २८ गतेदेखि प्रतिनिधिसभाको बैठक बस्दै छ । संसद्को कार्यतालिकाअनुसार उक्त बैठकमा राष्ट्रपति तथा कार्यक्रम प्रस्तुत गरिने छ । बैठकमा सरकारको नीति, बजेट र कानुन निर्माणसम्बन्धी विभिन्न अध्यादेशबारे बहस गरिनेछ । सरकारी नीति तथा कार्यक्रमबारे बैठकमा बहस भएपछि जेठ १५ गते अर्थमन्त्री स्वर्णीम वाग्लेले आर्थिक वर्ष ०८३/०८४ को वार्षिक बजेट प्रस्तुत गर्नेछन् । सरकारले पेस गर्ने नीति तथा कार्यक्रम र त्यही कार्यक्रमको आधारमा सार्वजनिक हुने बजेटले रास्वपाको सरकार कुन वर्गको जनताको हितमा रहेको छ भन्ने थाहा हुन्छ । सरकारी नीति तथा कार्यक्रम सरकारलाई चिन्ने भरपर्दो आधार हो ।

सरकारी नीति तथा कार्यक्रम र वार्षिक बजेट कुनै योजनाको बाँडफाँट र हिसाब किताबको लेखाजोखा मात्र होइन । त्यस योजना बाँडफाँड र हिसाब किताबभित्र सरकारको दृष्टिकोण हुन्छ; सरकारको गन्तव्य हुन्छ । त्यसैको आधारमा सरकार अघि बढ्छ र विभिन्न पूर्वाधारहरू तयार गर्छ । बजेट कुनै विद्यार्थी या युवा लक्षित मात्र हुँदैन । देशमा बहुमत रहेका किसान, मजदुर, महिला, शिक्षक, व्यवसायी, व्यापारी र कर्मचारीप्रतिको दृष्टिकोण के हो ? त्यो पनि स्पष्ट हुन्छ । सरकारको विदेश नीति र राष्ट्रिय नीति के हो भन्ने कुरा पनि नीति तथा कार्यक्रमबाट थाहा हुन्छ । यही नीति तथा कार्यक्रमबाट सरकार संविधान उल्लेख भएअनुसार समाजवादउन्मुख देश बनाउन चाहन्छ कि चाहँदैन; त्यसलाई लागू गरेर देशको संविधान पालन गर्छ कि गर्दैन भन्ने थाहा हुन्छ ।

सरकार परिवर्तन या पुँजीवादी विकृति फाल्न चाहन्छ भने संविधानभित्रका पुँजीवादी नीति नियमहरूमा संशोधन गर्नुपर्छ । सरकारले गर्ने संशोधनहरू सामन्त, पुँजीपति, प्रतिक्रियावादी, जालीफटाहा, बिचौलिया, कालाबजारी, कमिसनखोरहरूको पक्षमा होइन श्रमजीवीवर्गको पक्षमा नीति तथा कार्यक्रम सार्वजनिक हुनुपर्छ । के अबको आर्थिक वर्षदेखि देशमा कक्षा १२ सम्म निःशुल्क हुन्छ ? के स्वास्थ्य सेवा निःशुल्क हुन्छ ? के देशभरि शिशुशाला तथा बालउद्यान केन्द्र खोलिएको हुन्छ ? के वृद्ध वृद्धाहरूको जीवन सुनिश्चित हुन्छ ? के देशमै रासायनिक मल कारखाना खोलेर मल उत्पादन गर्ने काम हुन्छ ? के देशको विभिन्न भागमा शीत भण्डार स्थापना गरेर तरकारी भण्डार गर्ने व्यवस्था हुन्छ ? भ्रष्टाचार प्रकरणमा मुछेका नेता, पूर्वप्रधानमन्त्री, पूर्वसांसद तथा वर्तमान सांसदहरूको पनि छानबिन गरी दोषीमाथि कारबाही गर्नुपर्छ ।

सार्वभौम देशका शासकहरू विदेशीसामु झुक्दैनन्; विदेशी शक्ति राष्ट्रको उठबसमा सरकार चल्दैन । विदेशी थिचोमिचो, आक्रमण र अतिक्रमणको विरोधमा सरकार लाग्नुपर्छ । कुनै पनि शक्ति राष्ट्रलाई नेपाली भूमिलाई परेड खेल्ने मैदान बनाउन दिनु हुँदैन । आर्थिक लोभ र विकासको लोभमा भुलेर विगतमा जस्तै असमान सन्धि सम्झौता गर्ने काम सरकारले गर्नु हुँदैन । स्वदेशमै रोजगारीको व्यवस्था गर्नेतर्फ सरकार लाग्नुपर्छ । देश र जनताका यी महत्त्वपूर्ण सवालबारे सरकार सजग हुनुपर्छ । बन्द भएका उद्योग तथा कारखाना खोल्नुको साथै आवश्यकताअनुसार अन्य नयाँ नयाँ उद्योग खोलेर देश र जनताका आधारभूत आवश्यकता पूर्ति गर्नेतर्फ पनि सरकार लाग्नुपर्छ ।

नेपाल-भारत सीमामा बनेका अन्तर्राष्ट्रिय मूल्य र मान्यताविपरीतका बाँध तथा तटबन्धहरू र नेपाली भूमि डुवानमा परेका बाँध तथा तटबन्ध भत्काउने काम पनि सरकारले गर्नुपर्छ । कालापानीबाट भारतीय सेना फर्काउनेबारे सरकार चनाखो हुनुपर्छ र फर्काउन पहल गरिरहनुपर्छ । यो देशको आवश्यकता हो; जनताको माग हो । जनताको माग सरकारले सम्बोधन गर्नुपर्छ ।

कृषि उपकरणहरू सस्तोमा सर्वसुलभ हुनुपर्छ । सिँचाइको निम्ति बाँध र कुलोको व्यवस्था गर्ने नीति सरकारले तयार गर्नुपर्छ । विदेश पलायनबाट रोक्न युवाहरूलाई स्वदेशमै रोजगारीको व्यवस्था गर्नुपर्छ । भ्रष्टाचारी, ठग, कमिसनखोर, कालाबजारी, हत्याहिंसामा संलग्न दोषीहरू कारबाहीमा पर्नुपर्छ । पदको दुरूपयोग गरी अकुत सम्पत्ति कमाउने नेता, मन्त्री, सांसद र अन्य उच्चपदस्थ व्यक्तिहरू कारबाहीमा पर्नुपर्छ । महिला बेचबिखन गर्ने, महिलालाई वेश्यालय पुऱ्याउने, बलात्कार गरेर हत्या गर्ने अपराधीलाई फासीको सजाय दिने व्यवस्था गर्नुपर्छ । सहकारी ठगहरूबाट रकम असुल गरी उनीहरूलाई कारबाही गर्नुपर्छ ।

एसईईको नतिजा अघि सारेर र देशको बजेट रकम बढाएर आमूल परिवर्तन हुने होइन । दलले निर्वाचनमा प्राप्त गरेको मतको आधारमा ‘राष्ट्रिय’ दललाई रकम बाँड्ने, विकास या योजना सांसदमार्फत बाँड्ने काम सरकारले गर्नु हुँदैन । सरकारले मतसीमाको व्यवस्था हटाउनुपर्छ । वडालाई समायोजन गर्ने नाउँमा नगरपालिका र गाउँपालिका जोड्ने, राजनीतिक दूराग्रह राखी कुनै नगरपालिकालाई महानगरपालिका र उपमहानगरपालिका बनाउने कुचेष्टा गर्नु हुँदैन । परिवर्तनको नाउँमा गरिने सुधारात्मक क्रियाकलाप प्रचारमुखी ढङ्गले गर्नु हुँदैन । छिटो काम गर्ने नाउँमा हचुवा ढङ्गले या सतही ढङ्गले मनपरी गर्नु हुँदैन । आफूले गरेको काम, ल्याएको नीति र बजेटबाट देश र जनतालाई दूरगामी असर पर्ने काम गर्नु हुँदैन । देश र जनताका यी यावत विषयलाई मध्यनजर राखेर सरकारी नीति तथा योजना ल्याउनुपर्छ र त्यसैको आधारमा बजेट ल्याउनुपर्छ । सरकारी नीति तथा कार्यक्रम पुँजीपतिवर्गको पक्षपोषण गर्न होइन देश र बहुमत जनताकेन्द्रित हुनुपर्छ ।

# भाजपाको बङ्गाल विजयले भारतीय लोकतन्त्रको क्षयीकरणलाई उजागर गरेको छ

✍ निलञ्जन मुखोपाध्याय

***(व्यापक मतदाता नामावली संशोधनले लाखौँलाई मताधिकारबाट वञ्चित गर्यो भने हिन्दुत्व र चुनावी इन्जिनियरिङले भारतीय गणतन्त्रलाई पुनःआकार गरिरहेको छ भन्ने डरलाई बढावा दिएको छ ।)***

भारतमा हालै भएको राज्य चुनावले देशको समकालीन इतिहासमा सबैभन्दा महत्त्वपूर्ण राजनीतिक फैसलाहरूमध्ये एक निकालेको छ । विशेषगरी पश्चिम बङ्गाल १० करोडभन्दा बढी जनसङ्ख्या भएको सीमावर्ती राज्य हो । यसले लामो समयदेखि प्रधानमन्त्री नरेन्द्र मोदीको भारतीय जनता पार्टी ( BJP) को प्रगतिको प्रतिरोध गर्दै आएको थियो ।

इतिहासमा पहिलोपटक, भाजपाले बङ्गालको सत्ता कब्जा गरेको छ । अहिलेसम्म घोषित २९३ सीटमध्ये २०७ जितेको छ र तृणमूल काङ्ग्रेस ८० सीटमा झरेको छ । एउटा सीटमा पुनः मतदान हुन बाँकी छ ।

भाजपाको जितको परिमाणले भारतको राजनीतिक नक्सालाई नै परिवर्तन गरेको छ । तर, यो फैसलाले निर्वाचन प्रक्रियाको अखण्डतामाथि गहिरो प्रश्न उठाएको छ ।

भारतीय निर्वाचन आयोग (ECI) द्वारा सञ्चालित मतदाता नामावलीको असाधारण रूपमा व्यापक र गहिरो विवादास्पद ‘Special Intensive Revision’ (विशेष गहन संशोधन) ‘SIR’ पछि यो चुनाव भएको थियो दोहोरिएका, मृतक वा ‘अयोग्य’ मतदाताहरूलाई हटाउनको लागि । पश्चिम बङ्गालभरि, ९० लाखभन्दा बढी नामहरू (लगभग १२ प्रतिशत मतदाता) अभ्यासको क्रममा छुटाइयो, हटाइयो वा छानबिनको अधीनमा राखियो ।

भाजपाले चुनावी सङ्घर्ष गरेका जिल्लामा मुस्लिम, आप्रवासी कामदार र गरिब मतदाताहरूलाई असमान रूपमा लक्षित गरेको थियो । भाजपाले जितेका धेरै निर्वाचन क्षेत्रमा, हटाइएका वा विवादित मतदाताको सङ्ख्याले विजयको मार्जिन नाघ्यो ।

यसको प्रभाव गम्भीर छ । सायद, भारत चुनावी विकृतिबाट नाघेर आम मताधिकार वञ्चितीकरणमा पुगेको हुनसक्छ ।

बङ्गाल अर्को भारतीय राज्य मात्र होइन । १९४७ मा भारत र पाकिस्तानको हिंसात्मक जन्मको समयमा धार्मिक आधारमा विभाजन गरिएको यो राज्यको बङ्गलादेशसँग २,२०० किलोमिटरभन्दा बढीको साझा सिमाना छ र लामो समयदेखि भारतको राजनीतिक कल्पनामा केन्द्रीय स्थान ओगटेका छन् । मुस्लिमहरूले जनसङ्ख्याको लगभग २७ प्रतिशत ओगटेको छ भने ऐतिहासिक रूपमा भाजपाको उदयलाई रोक्न रणनीतिक रूपमा मतदान गरेको राज्य हो । त्यसैले, मोदीका लागि बङ्गाल यति धेरै महत्त्वपूर्ण थियो ।

विगत एक दशकमा भाजपा बङ्गालमा तीव्रगतिमा विस्तार भएको थियो तर २०२१ मा मुख्यमन्त्री ममता बनर्जीलाई हटाउन असफल भयो । त्यसैले २०२६ को चुनावलाई बनर्जीको कमजोर सरकारमाथिको जनमतसङ्ग्रह र भारतीय चुनावले पहिले उपभोग गरेको संस्थागत विश्वसनीयता अझै कायम राखेको छ कि छैन भन्ने परीक्षणको रूपमा हेरिएको थियो । विवाद एसआईआर (SIR) प्रक्रियामा केन्द्रित थियो । यो पहिलोपटक जून २०२५ मा बिहारमा लागू गरिएको थियो र पश्चिम बङ्गालसहित नौ राज्य र तीन केन्द्र शासित प्रदेशहरूमा विस्तार गरिएको थियो ।

यस अभ्यासअन्तर्गत, मतदाता नामावली कायम राख्ने जिम्मेवारी पाएका स्थानीय निर्वाचन अधिकारीहरू - बुथ लेभल अफिसरहरूले घर-घरमा गएर मतदाताहरूको प्रमाणीकरण गरे । नागरिकहरूलाई अत्यन्तै छोटो समय सीमाभित्र कागजात प्रमाणमार्फत आफ्नो योग्यता पुनः स्थापित गर्न आवश्यक थियो । त्यसो गर्न असफल भएमा मतदाता नामावलीबाट हटाइने सम्भावना थियो ।

भारतले १९५१-५२ को पहिलो आम चुनावमा विश्वव्यापी वयस्क मताधिकार अपनाएपछि पहिलोपटक, मतदान योग्यता प्रमाणित गर्ने भार प्रभावकारी रूपमा नागरिकहरूमाथि सार्‍यो ।

यसले लोकतान्त्रिक सम्झौतामा खतरनाक विच्छेदको प्रतिनिधित्व गर्‍यो ।

यो प्रक्रियाले आप्रवासी कामदारहरूलाई विशेषगरी नराम्रो असर पार्‍यो । बिहार र बङ्गाल भारतका आप्रवासी श्रमका सबैभन्दा ठुला स्रोतहरूमध्ये एक हुन्, जहाँ दसौँ लाख मानिसहरू टाढाका राज्यहरूमा काम गर्छन् । धेरैजना छोटो प्रमाणीकरण अवधिभित्र घर फर्कन सकेनन् । अरूले हिज्जेमा भएका असङ्गति, हराएको पैतृक सम्पत्तिका कागजातहरू, विवाहपछि थर परिवर्तन वा आधिकारिक रेकर्डहरूबिचको भिन्नतासँग सङ्घर्ष गरे ।

यी समस्याहरू विशेषगरी मुस्लिम र गरिब महिलाहरूमाझ तीव्र थिए ।

निर्वाचन आयोगले यो अभ्यास प्रशासनिक र दोहोरिएका वा नक्कली इन्ट्रिहरू हटाउन आवश्यक भएकोमा जोड दियो । भाजपाले यसलाई ‘अवैध घुसपैठियाँहरू’ लाई, हटाउने प्रयासको रूपमा प्रस्तुत गर्‍यो । विशेषगरी बङ्गलादेशबाट आएका कथित कागजात नगरिएका मुस्लिम आप्रवासीहरू लक्षित थिए । तर, बङ्गालमा यो अभ्यासले चाँडै नै राजनीतिक अभियानको चरित्र प्राप्त गर्‍यो ।

ठूलो मुस्लिम जनसङ्ख्या भएका जिल्लाहरूमा सबैभन्दा धेरै मतदाता नामावलीबाट हटाइएका थिए । मुस्लिमहरूको तुलनामा हिन्दू मतदाताहरूलाई नाम मेटाउने डर कम थियो ।

अन्ततः बङ्गालमा लगभग २७ लाख मतदातालाई आधिकारिक रूपमा नामावलीबाट हटाइयो । मतदानको अघिल्लो दिनसम्म पनि दसौँ लाख समाधान नभएका पुनरावेदन र प्रमाणीकरण विवादहरूमा फसेका थिए ।

भाजपाले २९,२२४,८०४ मत प्राप्त गर्‍यो, जुन तृणमूल काङ्ग्रेसको २६,०१३,३७७ भन्दा ३,२११,४२७ बढी हो । निर्वाचन क्षेत्र-स्तरको तथ्याङ्क जाँच गर्ने विश्लेषकहरूको तर्क छ कि भाजपाले जितेका धेरै सीटमा, मेटाइएका वा विवादित मतदाताहरूको सङ्ख्याले जीतको मार्जिनभन्दा बढी थियो ।

त्यसकारण, यो तर्क गर्नु उपयुक्त हुन्छ कि फैसलालाई राज्य संयन्त्रलगायत, निर्वाचन आयोगको सहयोगमा ‘प्रभावित’ गरिएको शङ्का गर्ने आधारहरू छन्, यद्यपि आयोग संवैधानिक रूपमा निष्पक्ष निकायको रूपमा काम गर्न बाध्य संस्था हो ।

भाजपाको विजयलाई हिन्दू बहुमतवादी अभियानले पनि सहयोग पुर्‍यायो जसले तृणमूल



**मे ४, २०२६ मा कोलकातामा पार्टी मुख्यालय नजिकै पश्चिम बङ्गाल विधानसभा चुनावको मतगणनाको क्रममा अग्रता लिएपछि भारतीय जनता पार्टी (भाजपा) का समर्थकहरू उत्सव मनाउँदै**

प्रक्रियामा पारदर्शिताको अभाव थियो, जबकि एआई-सहायता (AI–assisted) प्राप्त ‘तार्किक विसङ्गति’ (Logical discrepancy) सफ्टवेयरले उर्दू, बङ्गाली र अङ्ग्रेजी हिज्जेहरूबिच लिप्यान्तरण असङ्गतिको कारणले गर्दा मुस्लिम नामहरू असमान रूपमा हटाइयो ।

तृणमूल काङ्ग्रेसले बारम्बार आरोप लगायो कि निर्वाचन आयोगले स्वतन्त्र संवैधानिक निकायको रूपमा कम र सत्तारूढ दलको राजनीतिक संयन्त्रको विस्तारको रूपमा बढी काम गरिरहेको छ ।

भारतको सर्वोच्च अदालतले धेरैपटक हस्तक्षेप गर्‍यो तर अन्ततः प्रक्रियालाई निरन्तरता दिन अनुमति दियो । सूचीबाट आफ्नो नाम गायब भएको थाहा पाएपछि दसौँ लाखले पुनरावेदन दायर गरे । तैपनि, मतदानअघि ३४ लाखभन्दा बढी पुनरावेदनहरू विचाराधीन थिए, जसमध्ये २,००० भन्दा कममात्र समयमा पारित भए । अदालतले फैसला सुनायो कि पुनरावेदनको निर्णय नभएका मतदाताहरूलाई अझै पनि चुनावमा मतदान गर्नबाट वञ्चित गरिनेछ, यद्यपि तिनीहरूको नाम सैद्धान्तिक रूपमा पछि पुनर्स्थापित गर्न सकिन्छ ।

त्यो फैसलाले व्यापक रूपमा मताधिकारबाट वञ्चितीकरणलाई प्रभावकारी रूपमा वैध बनायो । व्यक्तिगत स्तरमा, मैले आफैँले यो प्रक्रिया अनुभव गरेँ ।

मेरो परिवारले उत्तर प्रदेशमा मतदाता सूचीमा रहनको लागि आफ्नो योग्यता पुनः स्थापित गर्नुपर्‍यो, जहाँ अर्को वर्ष चुनाव हुँदै छ । बङ्गालको तुलनामा, त्यहाँ समयसीमा लामो थियो र छानबिन केही कम गम्भीर थियो । वृद्धवृद्धा, आप्रवासीहरू, कागजात नमिल्ने महिला र गरिब नागरिकहरूले एउटा नोकरशाही भूलभुलैयाको सामना गरे जुन धेरैले पार गर्न सकेनन् ।

धेरै अधिकारीले निजी रूपमा स्वीकार गरे कि

काङ्ग्रेसको कथित ‘मुस्लिम समर्थक’ अडानलाई घोर रूपमा बढाइचढाइ गर्यो र हिन्दू असुरक्षा बढायो ।

२०२४ को संसदीय चुनावमा भाजपाको पराजयपछि, जब मोदीले आफ्नो पूर्ण बहुमत गुमाए र गठबन्धन साझेदारहरूमा निर्भर भए, पार्टीले आफ्नो चुनावी रणनीति पुनःसंरचना गर्न थाल्यो ।

यस प्रयासको एउटा पक्ष प्रस्तावित सीमाङ्कन अभ्यास थियो, जसअन्तर्गत संसदीय र विधानसभा निर्वाचन क्षेत्रहरू उत्तरी र हिन्दू बहुल क्षेत्रहरूलाई अनुकूल हुने गरी पुनः निर्धारण गरिने थियो । आसाममा, जहाँ भाजपा यस वर्ष आरामसँग सत्तामा फर्कियो, पहिलेको सीमाङ्कन अभ्यासले धेरै निर्वाचन क्षेत्रहरूमा मुस्लिम चुनावी प्रभावलाई पहिले नै कमजोर बनाएको थियो ।

दोस्रो पहल भारतभरि क्ष्च प्रक्रियाको विस्तार थियो, जसको राजनीतिक परिणाम बङ्गालमा सबैभन्दा नाटकीय रूपमा देखिन थाल्यो ।

तेस्रो भनेको ‘एक राष्ट्र, एक चुनाव’ को लागि जोड हो, जुन सबै राज्य र राष्ट्रिय चुनावहरूलाई एकरूप बनाउने उद्देश्यले गरिएको परियोजना हो । प्रशासनिक सुधारको रूपमा प्रस्तुत गरिएको यो प्रस्तावले मोदी वरिपरि राजनीतिक शक्तिलाई थप केन्द्रिकृत गर्नेछ र क्षेत्रीय दलहरूले भाजपाको राष्ट्रिय संयन्त्रको प्रतिरोध गर्ने क्षमतालाई कमजोर बनाउनेछ ।

समग्रमा हेर्दा, यी विकासक्रमले भारतीय लोकतन्त्रको संरचनालाई स्थायी रूपमा पुनः आकार दिने प्रयासतर्फ औँल्याउँछन् ।

भारतको धेरैजसो भाग, अहिले भाजपाको शासनमा, हिन्दुत्वको नियन्त्रणमा छ, जुन पार्टीको हिन्दू साम्प्रदायिक विचारधारा हो । चुनावी र लोकतान्त्रिक अखण्डताको क्षयसँगै, भारतको वर्तमान विचार र छवि मेटिने र घोर अधिनायकवादी र हिन्दू-बहुसङ्ख्यक व्यवस्थाले प्रतिस्थापन गर्ने अवस्थामा छ ।

***(लेखक दिल्लीका पत्रकार हुन् जसलाई हिन्दु राष्ट्रवादी राजनीतिमा विशेष रुचि छ ।)***


# साम्राज्यवादको निकासहीन अवस्थाबाट उम्कने रणनीति

✍ प्रभात पटनायक

नवउदारवादले विश्व पुँजीवादलाई एउटा निकासहीन गल्छी (cul-de-sac) मा पुऱ्याएको छ। यसको कारण निम्नानुसार छ : पुँजीलाई 'ग्लोबल नर्थ' (विकसित उत्तर) बाट 'ग्लोबल साउथ' (विकासोन्मुख दक्षिण) तर्फ उत्पादन स्थानान्तरण गर्ने चाहना नवउदारवादको मुख्य विशेषता रहँदै आएको छ। यसले उत्तरका कामदारहरूलाई दक्षिणका अत्यन्तै कम ज्याला पाउने कामदारहरूसँग प्रतिस्पर्धा गराएर उत्तरमा ज्याला दरलाई बढ्न दिएको छैन।

साथै, यस्तो स्थानान्तरणले ग्लोबल साउथमा रहेको विशाल श्रम सञ्चितिलाई पनि समाप्त पार्दैन। किनभने नवउदारवादअन्तर्गत दक्षिणमा श्रम उत्पादकत्वको वृद्धिदर निकै तीव्र हुन्छ, जसका कारण त्यहाँका कामदारको ज्याला अझै पनि अत्यन्तै न्यून स्तरमै रहिरहन्छ। त्यसैले, विश्वभरि नै श्रम उत्पादकत्व बढे पनि वास्तविक ज्यालाको स्तरमा खासै वृद्धि हुँदैन। यसको परिणाम स्वरूप समग्र विश्व अर्थतन्त्र र प्रत्येक व्यक्तिगत देशहरूमा पनि कुल उत्पादनमा आर्थिक बचतको हिस्सा बढ्न जान्छ।

आयको एक एकाइबाट बचत प्राप्त गर्ने




वर्गले भन्दा श्रमजीवी जनताले बढी उपभोग गर्ने गर्दछन्। त्यसैले, आर्थिक बचतको हिस्सामा हुने यस्तो वृद्धिले उत्पादनको तुलनामा उपभोग्य मागलाई घटाउँछ र फलस्वरूप कुल मागको स्तरलाई कम गरिदिन्छ। यसरी आर्थिक बचतको हिस्सा बढ्दा अति-उत्पादनतर्फको झुकाव पैदा हुन्छ, जुन आर्थिक मन्दी र उच्च बेरोजगारीको रूपमा प्रकट हुन्छ। *(यद्यपि, यस्तो बेरोजगारी प्रायः कामदारहरूको सहभागिता दरमा हुने गिरावटमार्फत लुकेको हुन्छ)*। अमेरिकामा 'हाउजिङ बबल' फुटेदेखि विश्व अर्थतन्त्रमा ठ्याक्कै यही भइरहेको छ।

यद्यपि, आर्थिक मन्दी र उच्च बेरोजगारी मात्रै आफैँमा निकासहीन अवस्थाका लक्षणहरू होइनन्; यो अवस्था त यस तथ्यबाट उत्पन्न हुन्छ कि राज्यले यो परिस्थितिबाट पार पाउन खासै केही गर्न सक्दैन। केनेसियाली उपचार (Keynesian remedy), जसले यस्ता सबै परिस्थितिहरूको समाधान दिने ठानिन्थ्यो, नवउदारवादअन्तर्गत त्यसो गर्न पूर्णतया अक्षम सावित भएको छ।

यसको कारण के हो भने, कुल माग (Aggregate demand) बढाउनको लागि गरिने ठुलो सरकारी खर्च कि त वित्तीय घाटा (Fiscal deficit) बाट पूर्ति गरिनुपर्छ वा धनीहरूमाथि कर लगाएर उठाउनुपर्छ। यदि ठुलो सरकारी खर्च कामदारवर्गमाथि कर लगाएर जुटाइन्छ भने, जसले आफ्नो आम्दानीको ठुलो हिस्सा उपभोगमै खर्च गर्छन्, तब कुल मागमा खासै वृद्धि हुँदैन। मानौँ, १०० डलरको थप सरकारी खर्च कामदारहरूमाथि त्यति नै बराबरको कर लगाएर गरियो भने यसले कुल माग बढाउँदैन। किनभने कामदारहरूले ती १०० डलर पहिले नै उपभोगमा खर्च गर्ने नै थिए; यस्तो अवस्थामा मागको स्वरूपमा मात्र परिवर्तन आउँछ - कामदारको उपभोगबाट हटेर माग सरकारको तर्फ सर्छ, तर कुल मागमा वृद्धि हुँदैन। त्यसैले, यसले आर्थिक मन्दी र बेरोजगारीबाट कुनै राहत दिँदैन।

यद्यपि, वित्तीय पुँजी वित्तीय घाटा र धनीहरूमाथि लगाइने थप कर- जसमा वितिय लगानीकर्ताहरूको ठुलो हिस्सा हुन्छ, दुवैको विरुद्धमा रहन्छ। नवउदारवादअन्तर्गत वित्तीय पुँजी विश्वव्यापीकृत छ, तर राज्य भने एउटा निश्चित 'राष्ट्र-राज्य' को रूपमा मात्र सीमित छ। त्यसैले, राज्यले वित्तीय पुँजीको आदेश सुन्नैपर्ने हुन्छ; अन्यथा अर्थतन्त्रबाट पुँजी पलायन हुन सक्छ, जसले सङ्कट निम्त्याउँछ।

यसरी, नवउदारवादले राष्ट्रिय अर्थतन्त्रहरूलाई जुन कठिन मोडमा पुऱ्याएको छ, त्यसबाट पार पाउन राज्यले गर्न सक्ने हस्तक्षेपको एकमात्र बाटो नवउदारवाद आफैँले बन्द गरिदिएको छ। यसको मुख्य कारण अनियन्त्रित सीमापार वित्तीय प्रवाह हो। त्यसैले, यो निकासहीन अवस्था (cul-de-sac) को सार



यही हो : नवउदारवादले एउटा यस्तो सङ्कट सिर्जना गरेको छ जसलाई नवउदारवादको घेराभित्र रहेर समाधान गर्नै सकिँदैन।

पुँजीवादले अहिलेसम्म यो निकासहीन अवस्थालाई झेल्न नव-फासीवाद (neo-fascism) लाई बढावा दिइरहेको छ। यसले कर्पोरेट र फासीवादीहरूको एउटा गठबन्धन बनाउँछ, जसले कुनै धार्मिक वा जातीय अल्पसङ्ख्यकलाई 'अन्य' (Othering) करार गरेर र उनीहरूविरुद्ध घृणा फैलाएर जनताको ध्यान मुख्य मुद्दाबाट भड्काउने काम गर्छ।

यसको उद्देश्य आर्थिक मन्दी र उच्च बेरोजगारीबाट ग्रस्त देशहरूमा श्रमजीवी जनतालाई विभाजित राख्नु र एकाधिकार पुँजीको वर्चस्वमाथि कुनै चुनौती आउन नदिनु हो। तर, नव-फासीवादले पनि आर्थिक मुद्दाहरूलाई सधैँभरि छलेर राख्न सक्दैन; ढिलो वा चाँडो यसले पनि आफ्नो आर्थिक एजेन्डा देखाउनैपर्छ। अमेरिकी पूर्वराष्ट्रपति डोनल्ड ट्रम्पसँग स्पष्ट रूपमा यस्तै एउटा एजेन्डा छ।

उदारवादी दृष्टिकोणका आफ्नै केही दाबीहरू छन् : यसले कुनै पनि सङ्कटलाई पूर्णतया अस्वीकार गर्छ; विश्वभर डोनाल्ड ट्रम्पजस्ता नव-फासीवादीहरूको उदय र वर्तमान आर्थिक सङ्कटबिच कुनै सम्बन्ध देख्दैन; ट्रम्पका कदमहरूलाई एक असन्तुलित व्यक्तिको सनक भनेर खारेज गरिदिन्छ। तर, यहाँ ट्रम्प असन्तुलित हुन् वा होइनन् भन्ने कुरा मुख्य होइन; मुख्य कुरा त यो हो कि नवउदारवादी पुँजीवाद जुन निकासहीन गल्छीमा फसेको छ, त्यसको सन्दर्भमा हामी उनका कार्यहरूलाई कसरी बुझ्छौँ।

ट्रम्पको रणनीतिले के परिकल्पना गर्छ भने अमेरिका आफैँ नवउदारवादी शासन प्रणालीबाट बाहिर निस्कने, तर 'ग्लोबल साउथ' (विकासोन्मुख देशहरू) लाई भने त्यही चक्रभित्र फसाएर राख्ने। उनको 'ट्यारिफ एग्रेसन' (भन्सार दरमा आक्रामक वृद्धि) र भारतजस्ता देशहरूलाई जबर्जस्ती थोपरिएका व्यापार सन्धिहरूबाट यो कुरा प्रस्ट हुन्छ। उदाहरणका लागि, भारतसँगको सन्धिमा के व्यवस्था गरिएको छ भने अमेरिकाले भारतीय सामानमा पहिलेको तुलनामा बढी भन्सार शुल्क लगाउनेछ, जबकि भारतले अमेरिकाबाट आउने आयातमा पहिलेभन्दा निकै कम भन्सार शुल्क लगाउनुपर्नेछ। यति मात्र होइन, भारतले निश्चित मितिभित्र तोकिएको परिमाणमा अमेरिकी सामानहरू किन्नैपर्ने बाध्यता पनि सिर्जना गरिएको छ।

'बजार' लाई सर्वोपरी मान्ने नवउदारवादले सैद्धान्तिक रूपमा आयातको मात्रा यसरी तोक्ने कुराको विरोधी हुनुपर्ने हो। त्यसैले, यस्ता लक्ष्यहरू निर्धारण गरेर ट्रम्पले अमेरिकाको हकमा नवउदारवादको सीमा नाघिरहेका छन्। तर, अमेरिकाले भारतबाट कति सामान किन्ने भन्नेबारे कुनै निश्चित लक्ष्य वा मिति तोकिएको छैन; त्यो कुरालाई भने 'बजार' कै भरमा छाडिएको छ। त्यसैले, यो व्यापार सन्धि एउटा यस्तो सम्झौता हो जहाँ अमेरिकाले नवउदारवादी आदेशहरू पालना गर्दैन, तर भारतले भने गर्नैपर्छ। भन्सार दरमा गरिएको विभेदकारी प्रस्तावले पनि यही कुरा पुष्टि गर्छ - भारत अमेरिकी सामानका लागि पूर्णतया खुला हुनुपर्ने, तर अमेरिकाले भने भन्सार लगाएर भारतीय सामानबाट आफ्नो सुरक्षा गर्ने।

यो व्यापार रणनीतिको मुख्य उद्देश्य भारत र ग्लोबल साउथका अन्य देशहरूबाट केही आर्थिक गतिविधिहरूलाई स्थानान्तरण गरेर अमेरिकाभित्रै ल्याउनु हो। अर्को शब्दमा भन्नुपर्दा, अमेरिकाले आफ्नो देशको आर्थिक मन्दी र बेरोजगारीलाई ग्लोबल साउथका देशहरूमा निर्यात गरेर आफ्नो समस्या समाधान गर्न खोजिरहेको छ। यसरी उसले सङ्कटको बोझ विकासोन्मुख देशहरूको काँधमा थोपर्ने प्रयास गरिरहेको छ।

यस्ता असमान सन्धिहरूले औपनिवेशिक युगको सम्झना दिलाउँछन्। त्यसैले, ट्रम्पको रणनीतिलाई औपनिवेशिक परिदृश्यको पुनरावृत्ति वा विश्वलाई पुन:उपनिवेशीकरण गर्ने प्रयासको रूपमा हेर्न सकिन्छ। ग्लोबल साउथको खनिज स्रोत, विशेषगरी तेल स्रोतहरूमाथि नियन्त्रण जमाउने वर्तमान अमेरिकी प्रयासको बारेमा पनि ठ्याक्कै यही कुरा भन्न सकिन्छ।

दोस्रो विश्वयुद्धपछिको राजनीतिक वि-उपनिवेशीकरण (Decolonisation), ग्लोबल साउथका देशहरूका लागि आर्थिक वि-उपनिवेशीकरणजस्तो अत्यन्तै कठिन प्रक्रियाको पूर्वसङ्केत थियो। यस प्रक्रियामार्फत ती देशहरूले आफ्ना प्राकृतिक स्रोतहरूमाथि नियन्त्रण जमाउन खोजेका थिए; आर्थिक वि-उपनिवेशीकरणको क्षेत्रमा उनीहरूले जुन सफलता हासिल गरे, त्यसमा सोभियत सङ्घको सहयोगको ठुलो हात थियो। यदि नवउदारवादले यो प्रक्रियालाई उल्ट्याउन सुरु गरेको थियो भने, ट्रम्पको रणनीतिले यसलाई पूर्णता दिन खोजिरहेको छ। विश्वको दोस्रो ठुलो तेल भण्डार रहेको भेनेजुएला र इरानमाथि अमेरिकाले गरेको प्रहार आर्थिक वि-उपनिवेशीकरणलाई उल्ट्याउने प्रयासकै सूचक हुन्।

यही प्रयासले स्पष्ट पार्छ कि किन अमेरिकाले 'नियम-आधारित अन्तर्राष्ट्रिय व्यवस्था' (Rules-based international order) लाई ध्वस्त पारिरहेको छ। हुन त, नियम-आधारित व्यवस्थाभित्रै रहेर पनि पुन:उपनिवेशीकरणको प्रयास हुन सक्छ, जस्तो कि नवउदारवादी शासनले सङ्केत गरेको थियो। तर, यदि नवउदारवादले निम्त्याएको यो निकासहीन अवस्थालाई अमेरिका (ग्लोबल नर्थका अन्य देशहरू) मा नवउदारवादलाई त्यागेर र ग्लोबल साउथमा यसलाई अझ कडाइका साथ लागू गरेर समाधान गर्ने हो भने, साम्राज्यवादका लागि नियम-आधारित अन्तर्राष्ट्रिय व्यवस्थाभन्दा बाहिर जानु अनिवार्य हुन्छ।

नवउदारवादको निकासहीन अवस्थाबाट उम्कने यो साम्राज्यवादी रणनीतिले के देखाउँछ भने, यो व्यवस्था अब सबैलाई फाइदा हुने कुनै पनि समाधान दिन पूर्णतया असक्षम छ। अर्को शब्दमा भन्नुपर्दा, यो एक किसिमको स्वीकारोक्ति हो कि यो प्रणालीले सबैको जीवनस्तरमा सुधार ल्याउने आफ्नो सम्भावना र वाचा समाप्त गरिसकेको छ। समग्र प्रणालीको रूपमा नवउदारवादबाट बाहिर निस्कन अब सम्भव छैन; केही देशहरू नवउदारवादबाट बाहिर निस्कन त सक्छन्, तर त्यसका लागि उनीहरूले अन्य देशहरूलाई यो व्यवस्थाको अझ गहिरो दासत्वमा जकड्नुपर्ने हुन्छ।

यहाँ एउटा प्रश्न उठ्छ : ग्लोबल साउथका सरकारहरू यस्ता असमान व्यापार सन्धिहरू र पुन:उपनिवेशीकरणका सर्तहरूमा किन सहमत हुन्छन् ? यसको उत्तर यो हो कि - यस्तो पुन:उपनिवेशीकरणबाट ग्लोबल साउथका श्रमजीवी जनता, साना उत्पादक र साना पुँजीपतिहरूले त दु:ख पाउँछन् (उदाहरणका लागि, भारत-अमेरिका व्यापार सन्धि भारतीय किसानका लागि विशेषगरी हानिकारक हुनेछ), तर त्यहाँको एकाधिकार पुँजीपतिवर्ग जो पश्चिमा पुँजीसँग घनिष्ठ रूपमा जोडिएको छ, उसले भने कुनै क्षति भोग्नुपर्दैन।

यसको विपरीत, यो वर्ग यसबाट लाभान्वित हुने सम्भावना रहन्छ; ग्लोबल साउथका सरकारहरू, विशेषगरी नव-फासीवादी सरकारहरू, उनीहरूकै स्वार्थको रक्षा गर्छन्। अर्को शब्दमा, पुन:उपनिवेशीकरणको यो परियोजना पहिलेको उपनिवेशवादविरोधी वर्ग-गठबन्धनमा आएको दरारका कारण सम्भव भएको हो, जसले जसले वि-उपनिवेशीकरण सफल पारेको थियो।

*(प्रभात पटनायक जवाहरलाल नेहरू विश्वविद्यालयको आर्थिक अध्ययन र योजना केन्द्र (CESP) का प्रोफेसर एमेरिटस हुन्। उनलाई समकालीन भारतका मात्र नभई विश्वकै प्रख्यात मार्क्सवादी अर्थशास्त्रीहरूमध्ये एक मानिन्छ।)*

*Source : https://www.newsclick.in*

# बलले विचारलाई दबाउन नसकिने

✍ सिम्रिक

बालेन सरकारले त्रिभुवन विश्वविद्यालयमा रहेको विद्यार्थीहरूको साझा सङ्गठन स्ववियु कार्यालय हटाएको छ। विद्यार्थीको हक हित, देश र जनताको लागि लड्ने विद्यार्थी सङ्गठनको कार्यालय हटाउनु बालेन सरकारको आफ्नै बुद्धि हो कि विदेशीको सल्लाह, आदेशमा हो ? त्यो भने पछि खुल्दै जाला। विद्यार्थी सङ्गठन पनि खारेज गरिएको कुरा बाहिरियो। त्यसको विकल्पमा स्टुडेन्ट्स काउन्सिल स्थापना गर्न लागेको छ। देशमा एउटै मात्र विद्यार्थी सङ्गठन हुँदा प्रजातन्त्र मासिन्छ। विभिन्न विचार नै प्रजातन्त्रको गहना हो। प्रजातन्त्रमा सबैलाई फुल्ने, फल्ने अवसर हुन्छ। बालेन सरकारले स्ववियुको कार्यालय बन्द गरिदिँदैमा विद्यार्थी सङगठनको विचार र आदर्शलाई बन्द गर्न सक्दैन। बलले विचारलाई दबाउन सक्दैन। यदि विचारलाई बलले दबाउन सकिने भए दशरथ चन्द्र र गंगालाल श्रेष्ठको विचारलाई राणा सरकारले दबाउन सक्थ्यो। भीमसेन थापाको विचारलाई बेलायती साम्राज्यवादले दबाउन सक्थ्यो। बरु, उनीहरू नै दबिए।

गंगालाल र दशरथ चन्द्र हिजो विद्यार्थी नै थिए। उनीहरूले देशको लागि लड्दै बलिदान दिए। त्यसले आज र भोलिको विद्यार्थीलाई सधैँ बाटो र बत्तीको काम गरिरहनेछ। लाखौँ सङ्गठित विद्यार्थी सदस्य आस्थाको केन्द्र स्ववियु कार्यालय बन्द गरिदिएपछि त्यसको विरोधमा ती विद्यार्थी सङ्गठनहरू देशमा उठ्नुपर्ने थियो। तर, उठेको छैन। यसको दोषी ती विद्यार्थी सङ्गठनको नेतृत्व नै हो। अझ त्यो भन्दा बढी मुख्य दोषी तिनका मातृ शासक दल र नेताहरू हुन्।

स्ववियु र विद्यार्थी राजनीतिको जबरजस्ती ढोका बन्द गर्न खोज्दा पनि सशक्त प्रतिरोध विरोध नगर्नुमा विद्यार्थी नेतृत्व पनि विदेशी प्रभावको परिणाम हो कि भनी विश्लेषकहरू बताउँछन्। तिनीहरू पनि एनजीओ तथा आईएनजीओको लोभमा फसे। उनीहरू भ्रष्टाचारमा चुर्लुम्म डुबेका छन्; विदेशीको गोटी बनेका छन्। अझ उनीहरू विचारबाट पलायन भएका छन्। बजार भाउ आकासिएको छ। देशको शैक्षिक अवस्था डामाडोल छ। मित्र राष्ट्र चीनलाई घेर्न हिन्द प्रशान्त रणनीति (क्षएक) अन्तर्गतको एमसीसीपछि एसपीपी पास गर्न लागेको छ। विदेशी नेताहरू विभिन्न नाम र बहानामा यहाँ आएर हाम्रा नेताहरूलाई आदेश र धम्की दिन आइरहेका छन्। देशको सिमाना भारतले मिचेको छ। देशको आन्तरिक मामिलामा हस्तक्षेप हुँदै छ। मजदुर किसानको अवस्था बेहाल छ।

हिजो निरङ्कुश जहानियाँ राणा शासनको विरोधमा हजारौँ विद्यार्थी उठेका थिए। राणाहरूले जतिसुकै धरपकड, जेलनेल कष्ट दिए पनि विरोध आन्दोलन रोकिएन। उनीहरूले राणाहरूको आँखा छलेर रात दिन जनतालाई सचेत पारी उठाउने र आँखा खोल्ने काम गरे। विद्यार्थी, जनताको साथ, सहयोग र सहभागितामा राणा शासनको विरोधमा गुप्त बैठक, भेला, सभा र आन्दोलन गरे। गंगालालहरू पक्रिए। उनीहरू राणा सरकारसँग रतिभर डराएनन्, झुकेनन्। बरु, राणाहरू नै झुक्न बाध्य भए। उनीहरूले देशमा प्रजातन्त्रको लागि छातीमा गोली थापी बलिदान दिए। त्यसैको परिणाम राणा शासनको अन्त्य भयो। गंगालालहरूलाई झुकाउन, विचार फेर्न र आत्मसमर्पण गराउन बलले सकिएन। यो इतिहास बालेन सरकारले बुझ्नुपर्ने थियो। कि विदेशमा पढेर आएकाले विदेश जान्यो तर नेपाल जानेन, चिनेन। यी विद्यार्थीको त्याग र बलिदानले हिजोका शासक दलका नेताहरूलाई अनि आज बालेन सरकारलाई झन्डै दुईतिहाइको सरकारको नेतृत्वमा पुऱ्याए।

उनीहरूमा देशभक्ति भावना र विचार भएका युवाहरूले विशाल भारतलाई आधार बनाएर नेपाल खान अगाडि बढेका अङ्ग्रेज सरकारसँग वीरतापूर्वक लडे। अङ्ग्रेज सरकारले हात उठाउन, घुँडा टेक्न, अनेक लोभ र धम्की दियो। तर, उनीहरूको लोभ र धम्की काम लागेन। त्यो लोभ र धम्कीले उनीहरूमा रहेको देशभक्ति भावना र विचारलाई झुकाउन सकेन। उनीहरूले देशको लागि लड्दालड्दै बलिदान दिए। बरु त्यत्रो बलियो सेवा, हतियार भएको अङग्रेज सरकार झुक्यो। ती वीर योद्धाहरूलाई अङ्ग्रेज सरकारले स्यालुट ठोकेर वीरताको, देशभक्ति भावनाको कदर गर्दै अल्मोडा, गढवालमा सैनिक सम्मान दिए। यसरी हाम्रा वीर योद्धाहरूले लडेर देशलाई जोगाएका थिए।

तर, आज तिनै साम्राज्यवादीहरू सात समुद्रपारिबाट विभिन्न बहानामा वीर योद्धाहरूको देशभक्ति भावना र विचारमा प्रहार गर्न विदेशीहरू, मन्त्रीहरू, सैनिक जर्नेलहरू, दूतहरू आउँदै छन्। हिजोका शासक दलले रातो कार्पेट बिछ्याएर तिनीहरूलाई स्वागत गरे भने आज बालेन सरकार पनि त्यही बाटोमा अगाडि बढिरहेको छ। ती वीर योद्धाहरूको देशभक्ति भावनामा प्रेममा प्रहार गर्ने काम यो सरकारले पनि गर्दै छ। ती वीर योद्धाहरूको भावना र विचारलाई बालेन सरकार र नेपाली सेनाले सम्मान र आत्मसात गरी देश जोगाउन अगाडि बढ्नु आवश्यक छ। यसमा उनीहरू सचेत हुनैपर्छ। देश रहे हामी नेपाली रहन्छौँ। देश रहेन भने हामी पनि रहने छैनौँ। नेपाली जनतालाई घोडा बनाएर नेपाली अनुहारको विदेशी सारथीले पछाडि रथमा बसेको विदेशीको आदेशअनुसार दोहोऱ्याउने छ।

२०४६ सालमा निरङ्कुश पञ्चायती व्यवस्थाको विरोधमा जनता सडकमा ओर्लिए। भक्तपुरमा फागुन ८ गते सङ्घर्षशील विद्यार्थीहरू राजकुमार सुवाल, कृष्णराम दुवाल, हरिकृष्ण भुजु, निर्मलकुमार शाक्यलगायतका सहिदहरूले छात्तीमा डमडम गोली थपेर सहादत प्राप्त गरे। त्यो सङ्घर्षशील, बलिदानी भावनाको फिलिङ्गो आँधीसरि देशभर फैलियो। पञ्चायती सरकारको विरोधमा देशभर आन्दोलन भयो। जनताले त्यसमा साथ र सहयोग गरे। परिणाम पञ्चायती व्यवस्थाको अन्त्य भयो। त्यस्तै २०६२/०६३ को गणतन्त्रको लागि पनि आन्दोलन भयो। त्यस आन्दोलनको अग्रभागमा लड्ने विद्यार्थी नै थिए। त्यस आन्दोलनले राजालाई पनि फालिदियो। त्यसैको फल आज बालेन सरकार चाख्दै छ।




दक्षिण भारतको तमिलनाडु राज्यको राजधानी चेन्नइमा अभिनेताबाट राजनीतिमा उत्रेका र भर्खरै सम्पन्न विधानसभा निर्वाचनबाट सबैभन्दा ठुलो दल बनेको तमिलागा भेट्री कजगम (टिभिके) का नेता जोसेफ विजय मुख्यमन्त्री पदको सपथग्रहणपछि सम्बोधन गर्दै मे १०, २०२६ का दिन। जोसेफ विजयले भाकपा, भाकपा मार्क्सवादी र कङ्ग्रेस आईको समर्थनमा बहुमत पुऱ्याएका हुन्। *तस्बिर : आर शतिशबाबु/एएफपी*

# युद्धको प्रभावले ऊर्जा बजारमा ठुलो उतारचढाव

पेरिस, १० मे (एएफपी)। मध्यपूर्वमा जारी युद्धका कारण तेल आपूर्तिमा अवरोध र मूल्यमा तीव्र वृद्धि भएपछि युरोपका ठुला तेल तथा ग्यास कम्पनीहरूले पहिलो त्रैमासिकमा ठुलो नाफा कमाएका छन्। यससँगै लन्डनदेखि पेरिससम्म उनीहरूको 'असामान्य नाफा' मा थप कर लगाउनुपर्ने माग पुन: उठ्न थालेको छ।

'शेल' ले हालै आफ्नो नाफा सार्वजनिक गर्दै पहिलो त्रैमासिकमा करिब ५.७ अर्ब अमेरिकी डलर (झण्डै ४.८ अर्ब युरो) खुद नाफा कमाएको जनाएको छ, जुन गत वर्षको सोही अवधिको तुलनामा १९ प्रतिशतले बढी हो। कम्पनीका अनुसार नाफा वृद्धि उच्च तेल मूल्य, सुधारिएको रिफाइनिङ मार्जिन र व्यापारिक गतिविधिबाट भएको हो।

यस्तै, 'बीपी' ले पनि नाफामा उल्लेखनीय वृद्धि देखाएको छ, जसको खुद नाफा ३.८४ अर्ब डलर पुगेको छ। टोटालइनर्जीको नाफा भने अझ बढी वृद्धि हुँदै ५१ प्रतिशतले बढेर ५.८ अर्ब डलर पुगेको रिपोर्ट गरिएको छ।

यसको विपरीत, अमेरिकी ऊर्जा कम्पनीहरू एक्सनमोबिल र चेभ्रोनको नाफा घटेको देखिएको छ। विशेषज्ञहरूका अनुसार डेरिभेटिभ बजारमा समयान्तर प्रभावका कारण अमेरिकी कम्पनीहरू प्रभावित भएका हुन्।

**तेल मूल्यवृद्धि र हर्मुज सङ्कट**

मध्यपूर्व युद्धका कारण इरानले हर्मुज जलडमरूमध्यमा अवरोध सिर्जना गरेपछि विश्व बजारमा तेल आपूर्ति घटेको छ। यसले मूल्य तीव्र रूपमा बढाएको छ। मार्च महिनामा ब्रेन्ट क्रुड तेलको मूल्य औसत १०० डलर प्रतिब्यारेल पुगेको थियो भने कहिलेकाहीँ १२० डलरसम्म पुगेको उल्लेख छ। युद्धअघि यो मूल्य करिब ७० डलर थियो।

विश्लेषकहरूका अनुसार युरोपेली कम्पनीहरू विशेषगरी लाभान्वित भएका छन् किनभने उनीहरूको व्यापारिक गतिविधि बलियो छ, जसले बजारको उतारचढावबाट अतिरिक्त लाभ लिन सक्षम बनाएको छ।

एक ऊर्जा विश्लेषकले बताएअनुसार, यी कम्पनीहरू यस त्रैमासिकमा "परम्परागत तेल कम्पनीभन्दा बढी विश्व ऊर्जा बजारका जटिल ट्रेडरजस्तो" देखिएका छन्।

**कर लगाउने दबाब बढ्दै**

उच्च नाफापछि बेलायत र फ्रान्समा तेल कम्पनीहरूको नाफामा थप कर लगाउने माग बढेको छ। यसअघि युक्रेन युद्धपछि पनि यस्तै 'विन्डफल कर' लागू गरिएको थियो।

बेलायतमा तेल कम्पनीहरू अहिले पनि नर्थ सी क्षेत्रको नाफामा ३८ प्रतिशत अतिरिक्त कर तिर्छन्, जुन सामान्य ४० प्रतिशत करसँगै लागू हुन्छ। तर, यो कर केवल घरेलु उत्पादनमा मात्र सीमित छ। अब त्यही करलाई विस्तार गर्नुपर्ने माग बढिरहेको छ।

फ्रान्सका राष्ट्रपति इम्यानुएल म्याक्रोंले पनि अत्यधिक नाफा वा 'सट्टेबाजी शैलीको कारोबार' नियन्त्रण गर्न युरोपेली स्तरमा समन्वय आवश्यक रहेको बताउनुभयो।

**भविष्यको बजार र ऊर्जा रणनीति**

विश्लेषकहरूका अनुसार दोस्रो त्रैमासिकमा पनि कम्पनीहरूको नाफा बलियो रहने सम्भावना छ, किनभने बजार तुरुन्तै सामान्य अवस्थामा फर्कने देखिँदैन। तर दीर्घकालीन रूपमा कम्पनीहरू साना, कम लागतका र छिटो उत्पादन गर्न सकिने परियोजनामा ध्यान केन्द्रित गर्न सक्छन्। केही कम्पनीहरूले जलवायु लक्ष्यमा पुनर्विचार गर्दै तेल तथा ग्यास उत्पादनमा निरन्तरता दिने सङ्केत पनि दिएका छन्।

यसैबिच, ऊर्जा सुरक्षा सुनिश्चित गर्न नवीकरणीय ऊर्जाको भूमिकाबारे पनि फेरि बहस सुरु भएको छ।

# 'हान्टाभाइरस' प्रभावित पानीजहाज स्पेन पुग्दै, स्थानीयलाई नआत्तिन आग्रह

टेनेरिफ, १० मे (एपी)। स्पेनको क्यानरी टापुतर्फ गइरहेको 'हान्टाभाइरस' प्रभावित पानीजहाजका विषयमा विश्व स्वास्थ्य सङ्गठनका प्रमुख टेड्रोस अधानोम घेब्रेयससले स्थानीय नागरिकलाई नआत्तिन आग्रह गर्नुभएको छ। उहाँले वर्तमान अवस्था 'अर्को कोरोना महामारीजस्तो नभएको' स्पष्ट पार्दै जनस्वास्थ्य जोखिम हाल न्यून रहेको बताउनुभएको छ।

नेदरल्यान्ड्सको झण्डा बोकेको 'एमभी होन्डियस' नामक पानीजहाजमा १४० भन्दा बढी यात्रु तथा चालकदलका सदस्य रहेका छन्। उक्त जहाज पश्चिम अफ्रिकाको तटनजिक रहेको स्पेनको क्यानरी टापु समूहअन्तर्गत टेनेरिफे टापुमा आइतबार बिहान पुग्ने अपेक्षा गरिएको छ।

विश्व स्वास्थ्य सङ्गठनका प्रमुख टेड्रोस, स्पेनकी स्वास्थ्य मन्त्री मोनिका गार्सिया तथा गृहमन्त्री फर्नान्डो ग्रान्दे-मार्लास्का शनिबार टेनेरिफे पुगेर यात्रु तथा चालकदललाई सुरक्षित रूपमा जहाजबाट बाहिर निकाल्ने कार्यको समन्वय गर्ने तयारीमा रहेका छन्।

स्थानीय बासिन्दालाई सम्बोधन गर्दै टेड्रोसले विगतको कोरोना महामारीको पीडा अझै ताजा रहेकाले मानिसहरूमा चिन्ता हुनु स्वाभाविक भएको बताउनुभयो। तर, उहाँले हाल देखिएको हान्टाभाइरसको अवस्था कोरोना महामारीसरह नभएको र जोखिम नियन्त्रणमै रहेकोमा जोड दिनुभयो।

विश्व स्वास्थ्य सङ्गठन, स्पेनी अधिकारीहरू तथा जहाज सञ्चालन कम्पनीका अनुसार हाल जहाजमा रहेका कसैमा पनि भाइरसको लक्षण देखिएको छैन। सम्बन्धित निकायहरूले यात्रुहरूको स्वास्थ्य अवस्थामाथि निरन्तर निगरानी राखिरहेका छन्।

हान्टाभाइरस प्राय: मुसा तथा अन्य कृन्तक जनावरबाट सर्ने भाइरस हो। यसको सङ्क्रमणले ज्वरो, थकान, श्वासप्रश्वासमा समस्या लगायत गम्भीर स्वास्थ्य समस्या निम्त्याउन सक्छ। यद्यपि, विशेषज्ञहरूले हालको अवस्थालाई नियन्त्रणयोग्य रहेको बताएका छन्।

# श्रीलङ्कामा ऊर्जा सङ्कटबिच बिजुली महसुल वृद्धि

कोलम्बो, १० मे (एएफपी)। मध्यपूर्वमा जारी युद्धका कारण ऊर्जा आपूर्तिमा आएको असरले लागत बढेपछि श्रीलङ्काले बिजुली महसुल १८ प्रतिशतसम्म बढाउने निर्णय गरेको छ।

सार्वजनिक उपयोगिता आयोगका अनुसार सोमबारदेखि लागू हुने नयाँ दरअनुसार मासिक १८० युनिटभन्दा बढी बिजुली प्रयोग गर्ने उपभोक्ताले १८ प्रतिशत अतिरिक्त शुल्क तिर्नुपर्नेछ। सोभन्दा कम खपत गर्ने उपभोक्तामा भने तत्काल असर पर्ने छैन।

आयोगले जारी गरेको विज्ञप्तिअनुसार यो वृद्धि उद्योग, होटल, व्यवसाय, सरकारी कार्यालय तथा धार्मिक संस्थाहरूमा लागू हुनेछ।

यो निर्णय पछिल्ला केही महिनामा गरिएको ऊर्जासम्बन्धी श्रृङ्खलाबद्ध वृद्धि पछिको अर्को कदम हो। गत महिना मात्र पनि बिजुली महसुल ४० प्रतिशतले बढाइएको थियो।

**इन्धन मूल्य र महँगाइ पनि बढ्यो**

ऊर्जा आपूर्तिमा अवरोधका कारण श्रीलङ्काले इन्धन मूल्य ३५ प्रतिशतभन्दा बढीले बढाएको छ र केही क्षेत्रमा राशनिङसमेत लागू गरेको छ। सरकारी तथ्याङ्कअनुसार महँगाइ बढेर अप्रिलमा ५.४ प्रतिशत पुगेको छ, जुन अघिल्लो महिनाहरूको तुलनामा उल्लेखनीय वृद्धि हो।

**आर्थिक सङ्कटबाट पुन:स्थापनाको प्रयास**

श्रीलङ्का सन् २०२२ मा विदेशी मुद्रा सङ्कटका कारण ठुलो आर्थिक सङ्कटमा परेको थियो, जसले खाद्यान्न, इन्धन र औषधि आयातमा गम्भीर असर पारेको थियो। गत वर्ष आएको ठुलो आँधीले समेत देशलाई थप प्रभावित बनाएको थियो, जसमा सयौँको मृत्यु र ठुलो भौतिक क्षति भएको थियो।

देशले सन् २०२३ देखि अन्तर्राष्ट्रिय मुद्रा कोषको सहायता कार्यक्रममार्फत आर्थिक स्थायित्व ल्याउने प्रयास गरिरहेको छ। तर, उच्च ऊर्जा मूल्य र बाह्य सङ्कटहरूले पुन:उत्थान प्रक्रियामा चुनौती थपिरहेका छन्।

## विश्व सङ्क्षेप

# पाकिस्तानको उत्तर-पश्चिममा प्रहरी चौकीमा आक्रमण, १२ प्रहरीको मृत्यु

पेशावर, १० मे (एएफपी)। पाकिस्तानको उत्तर-पश्चिमी क्षेत्रमा शनिबार राति भएको कार बम आक्रमण र त्यसपछि भएको गोलीबारीमा कम्तीमा १२ प्रहरीको मृत्यु भएको छ भने पाँच जना घाइते भएका छन्।

बन्नु जिल्लाको फतेह खेल क्षेत्रमा रहेको प्रहरी चौकीमा आक्रमणकारीले विस्फोटक पदार्थले भरिएको सवारीसाधन ठोक्काएर विस्फोट गराएको स्थानीय प्रहरी अधिकारीहरूले बताएका छन्। विस्फोटपछि केही सशस्त्र समूहका सदस्यहरूले चौकीमा प्रवेश गरी प्रहरीमाथि गोली चलाएको जनाइएको छ।

बन्नु प्रहरीका एक अधिकारीका अनुसार घटनामा १२ प्रहरीको मृत्यु पुष्टि भएको छ भने एक जना अझै बेपत्ता छन्।

अधिकारीहरूले आक्रमणकारीहरूले भारी हतियारका साथै साना ड्रोन पनि प्रयोग गरेको बताएका छन्। उनीहरूका अनुसार आक्रमणपछि फर्कने क्रममा आक्रमणकारीहरूले प्रहरीका हतियार र केही कर्मचारीलाई समेत लिएर गएको प्रारम्भिक जानकारी छ।

बन्नु पछिल्ला वर्षहरूमा बढ्दो सशस्त्र गतिविधिबाट प्रभावित क्षेत्रका रूपमा रहँदै आएको छ। पाकिस्तान र अफगानिस्तानबिच सीमावर्ती क्षेत्रमा बढ्दो तनावका बिच यो आक्रमण भएको हो। इस्लामाबादले अफगान भूमिलाई केही समूहका लागि सुरक्षित आश्रयस्थल भएको आरोप लगाउँदै आएको छ भने काबुलले सो आरोप अस्वीकार गर्दै आएको छ।

पछिल्ला महिनाहरूमा दुवै देशबिच सम्बन्ध थप तनावपूर्ण बन्दै गएको र सीमावर्ती क्षेत्रमा हिंसात्मक झडपहरू भएको उल्लेख गरिएको छ।

# लेबनानमा इजरायली आक्रमण तीव्र, कम्तीमा १७ जनाको मृत्यु

बेरुत, १० मे (सिन्ह्वा)। लेबनानको राजधानी बेरुत नजिक तथा दक्षिणी क्षेत्रमा इजरायलले गरेको ड्रोन र हवाई आक्रमणमा कम्तीमा १७ जनाको मृत्यु भएको छ। मृतकमध्ये एक १२ वर्षीया बालिका पनि रहेको जनाइएको छ।

स्थानीय सञ्चारमाध्यम र स्वास्थ्य मन्त्रालयका अनुसार शनिबार बेरुतको दक्षिणी क्षेत्रमा सवारीसाधनलाई लक्षित गरी गरिएको तीनवटा ड्रोन आक्रमणमा चार जनाको ज्यान गएको हो। त्यस्तै, दक्षिणी लेबनानका विभिन्न क्षेत्रमा भएका हवाई आक्रमणमा थप १३ जनाको मृत्यु भएको बताइएको छ।

इजरायल र हेजबुल्लाहबिच अप्रिल १७ मा युद्धविराम घोषणा भए पनि दुवै पक्षबाट दैनिकजसो आक्रमण जारी रहेका छन्। पछिल्ला घटनाले युद्धविरामपछि पनि तनाव कम नभएको सङ्केत गरेको छ।

बुधबार राति इजरायली वायुसेनाले बेरुतको दक्षिणी उपनगरमा आक्रमण गर्दै हेजबुल्लाहका एक वरिष्ठ सैन्य अधिकारी मारिएको दाबी गरेको थियो। युद्धविरामपछि राजधानीनजिक गरिएको यो पहिलो आक्रमण मानिएको छ।

शनिबार भएका दुई आक्रमण बेरुतलाई दक्षिणी बन्दरगाह सहर सैदासँग जोड्ने राजमार्ग क्षेत्रमा भएका थिए, जहाँ केही व्यक्ति घाइते भएका छन्। अर्को आक्रमण लेबनानको चोउफ क्षेत्रतर्फ जाने सडकमा भएको थियो, जसमा तीन जनाको मृत्यु भएको जनाइएको छ।

दक्षिणी गाउँ साक्साकियेहमाथि गरिएको अर्को हवाई आक्रमणमा कम्तीमा सात जनाको मृत्यु हुनुका साथै १५ जना घाइते भएको लेबनानी स्वास्थ्य मन्त्रालयले जनाएको छ। यसैबिच, दक्षिणी लेबनानका बुर्ज रहाल र माइफादौन क्षेत्रमा पनि आक्रमण भएको र त्यहाँ थप मानवीय क्षति भएको समाचारमा उल्लेख गरिएको छ।

# क्षेत्रीय शान्तिका लागि संवाद आवश्यक

कायरो, १० मे (सिन्ह्वा)। इजिप्ट र कतारले अमेरिका तथा इरानलाई वर्तमान संवेदनशील क्षेत्रीय परिस्थितिमा धैर्यता, जिम्मेवारी र विवेकपूर्ण व्यवहार अपनाउन आग्रह गरेका छन्।

शनिबार इजिप्टका विदेशमन्त्री बद्र अब्देलअत्ती र कतारका प्रधानमन्त्री तथा विदेशमन्त्री शेख मोहम्मद बिन अब्दुलरहमान जासिम अल-थानीबिच टेलिफोन संवाद भएको थियो। संवादका क्रममा दुवै नेताले विवाद समाधानका लागि कूटनीतिक पहल र संवादलाई प्राथमिकता दिनुपर्नेमा जोड दिएका थिए।

इजिप्टको विदेश मन्त्रालयद्वारा जारी विज्ञप्तिअनुसार दुवै पक्षले अमेरिका र इरानबिच जारी वार्ता प्रक्रियालाई निरन्तरता दिनुपर्ने आवश्यकता औँल्याएका छन्। उनीहरूले क्षेत्रीय शान्ति, सुरक्षा तथा स्थायित्व कायम राख्न राजनीतिक समाधान र आपसी समझदारी अपरिहार्य रहेको बताएका छन्।

फेब्रुअरी २८ मा इजरायल र अमेरिकाले इरानमाथि संयुक्त आक्रमण गरेका थिए। त्यसपछि अप्रिल ८ मा युद्धविराम घोषणा गरिएको थियो। युद्धविरामपछि पाकिस्तानमा शान्ति वार्ताको एक चरण सम्पन्न भए पनि कुनै ठोस सहमति हुन सकेको थिएन।

# अमेरिकाको फ्लोरिडामा डुङ्गा दुर्घटना

न्यूयोर्क, १० मे (सिन्ह्वा)। अमेरिकाको फ्लोरिडा राज्यस्थित मियामी नजिक शनिबार भएको डुङ्गा विस्फोटमा कम्तीमा ११ जना घाइते भएका छन्। स्थानीय अधिकारीहरूले उक्त जानकारी दिएका हुन्।

बिस्केन खाडी क्षेत्रमा रहेको हलओभर स्यान्डबार नजिक यात्रु बोकेको एक चार्टर डुङ्गामा अचानक विस्फोट भएको हो। फ्लोरिडा वन्यजन्तु तथा जलस्रोत संरक्षण आयोगकी प्रवक्ता मेलिसा ब्रेभिकका अनुसार विस्फोट डुङ्गामै भएको थियो।

मियामी-डेड अग्नि उद्धार विभागले दिउँसो १२ बजेर ४८ मिनेटमा 'सम्भावित डुङ्गा विस्फोट' भएको सूचना प्राप्त गरेको जनाएको छ। घटनास्थल मियामीबिच नजिकको लोकप्रिय पर्यटकीय क्षेत्र रहेको बताइएको छ।

उद्धार टोली घटनास्थलमा पुग्दा धेरै घाइतेहरूलाई तत्काल उपचार आवश्यक परेको थियो। घाइतेहरूलाई नजिकका अस्पतालहरूमा उपचारका लागि पठाइएको अधिकारीहरूले बताएका छन्।

विस्फोटको कारण हालसम्म खुल्न सकेको छैन। घटनाबारे अनुसन्धान जारी रहेको जनाइएको छ।

# भत्काउनु नै विकास होइन

✍ सत्य सुवाल

समय कहिल्यै एकनास रहँदैन । हिजो जे उचित थियो, आज त्यही अनुपयुक्त देखिन सक्छ । आज जुन कुरा आधुनिक भनिएको छ, भोलि त्यही पुरानो बन्न सक्छ । समाज, भूगोल, आवश्यकता र चेतना – सबै समयसँगै बदलिन्छन् । त्यसैले कुनै पनि स्थान, संरचना वा बस्तीलाई केवल आजको मापदण्डले मात्र नापेर न्याय गर्न सकिँदैन ।

एक समय थियो, जब खोला सफा थियो । खोला बस्तीभन्दा धेरै टाढा थियो । त्यतिबेला थोरै ढल मिसिँदा पनि ठुलो असर पर्दैनथ्यो, किनकि जनघनत्व कम थियो, कङ्क्रिट कम थियो र प्रकृतिसँग सन्तुलन बाँकी थियो । खोला किनारमा घरहरू कम हुन्थे, तर मन्दिर, घाट, पाटी-पौवा, धर्मशाला र विश्रामस्थलहरू हुन्थे । किनकि, त्यो समयको आवश्यकता त्यही थियो । यात्रुहरू पैदल हिँड्थे, रात परे बास चाहिन्थ्यो, हावाहुरी लागे ओत चाहिन्थ्यो । त्यसैले पाटी-पौवाको विकास भयो । त्यस्तै, इनार, कुवा, ढुङ्गेधारा जीवनका आधार थिए । खानेपानीको आधुनिक प्रणाली थिएन । ढुङ्गेधारा नभए गाउँ नै तिर्खाउँथ्यो । त्यसैले ती संरचनाहरू त्यतिबेलाको आवश्यकता अनुसार बिल्कुल सही स्थानमा निर्माण गरिएका थिए । खोला छेउका घाट र मन्दिरहरू पनि केवल धार्मिक संरचना थिएनन्; ती सभ्यता, संस्कार र सामुदायिक जीवनका केन्द्र थिए ।

त्यो समय जमिनको अर्थ पनि फरक थियो । जसले जोत्यो, उसैले उपयोग गर्थ्यो । जग्गा किनबेचको वस्तु कम, जीवन धान्ने साधन बढी थियो । उत्पादनबिना स्वामित्वको अर्थ छैन भन्ने सोच समाजमा बलियो थियो । त्यसैले धेरै ठाउँमा जमिन कसको नाममा छ भन्ने कुराले खासै महत्त्व राख्दैनथ्यो । मानिसको मूल्य श्रमले निर्धारण गर्थ्यो, कागजले होइन । बास नभएका मानिसहरू सत्तल, देवालय, पाटी-पौवा वा मन्दिरमा आश्रय लिएर बस्थे । लामो समय बसोबास गरेपछि बिस्तारै मोह बढ्यो । यो त अब हाम्रो अधिकार हो भन्ने भावना जन्मिन थाल्यो । मानिसको स्वभाव नै त्यस्तो हो– जहाँ जीवन बित्छ, त्यहाँ अपनत्व गाँसिन्छ । त्यस्तै गुठी, दाफा, भजन, देवस्थल वा सार्वजनिक प्रयोजनका जग्गाहरू पनि पहिले विश्वासकै आधारमा गाउँका जेठाबाठा वा जिम्मेवार व्यक्तिको नाममा राख्ने चलन थियो । समय फेरियो । पुस्ता फेरियो । विश्वास कमजोर भयो, लोभ बलियो बन्यो । संरक्षणको लागि राखिएको सम्पत्ति बिस्तारै मेरो निजी सम्पत्ति भन्ने सोचमा बदलिन थाल्यो ।

समयसँगै बेवास्ताले कतै पोखरी पुरियो । कतै खोला साँघुरियो । कतै पर्ती र बाँझो जमिन खेतीयोग्य बनाइयो । कतै मानिसले बस्न घर बनाए । त्यो समयको आवश्यकता र चेतनाको हिसाबले धेरै कुरा सामान्य मानिन्थे । किनकि राज्य कमजोर थियो, कानुनी पहुँच सीमित थियो र जीवन धान्नु नै मुख्य सङ्घर्ष थियो । पछि देशमा विभिन्न



सरकार आए । शासन फेरिए । कसैले चाकडी गऱ्यो, कसैले सिफारिस खोज्यो, कसैले शक्ति र पहुँच प्रयोग गऱ्यो । साम, दाम, दण्ड, भेदका आधारमा कतिपय सार्वजनिक सम्पत्तिहरू निजी नाममा पुगे । कतै मन्दिरको जग्गा निजी बन्यो । कतै द्यो:छेँ, पर्ती, आँगन छेँ, पोखरी र सार्वजनिक क्षेत्र व्यक्तिको नाममा दर्ता भए । कतिले बेचे, कतिले किनबेच गरे, हस्तान्तरण हुँदै धेरै हात फेरिए । सामान्य नागरिकले के बुझ्छ ? उसले मालपोत कार्यालयले पास गरिदिएको लालपुर्जा हेर्छ । राजस्व तिरेको रसिद हेर्छ र सोच्छ, “राज्यले प्रमाणित गरिदिएको सम्पत्ति वैधानिक नै होला ।”

तर सत्य के हो भने सरकारी सम्पत्ति अन्तत: सरकारी नै हुन्छ । यदि प्रक्रियामा त्रुटि भयो भने त्यसको जिम्मेवारी केवल अन्तिम नागरिकमाथि थोपर्न मिल्दैन । किनकि धेरै अवस्थामा अन्तिम खरिदकर्ता सबैभन्दा कम दोषी हुन्छ । उसले पैसा तिरेको हुन्छ, कर तिरेको हुन्छ, कानुनी प्रक्रिया पूरा गरेको हुन्छ । उसले राज्यलाई विश्वास गरेको हुन्छ । त्यसैले यो समस्यामा केवल नागरिक दोषी छैन । झन् ठुलो जिम्मेवारी त त्यतिबेलाका प्रशासनिक अधिकारी, स्थानीय निकाय, जनप्रतिनिधि, नापी-मालपोत संयन्त्र र निर्णय गर्ने शक्तिमा बसेकाहरूको हुन्छ । किनकि स्वीकृति दिने अधिकार नागरिकसँग थिएन– राज्यसँग थियो । आज आएर जनताको थाप्लोमा दोष थुपारेर सम्पत्ति खोस्ने प्रयास गर्नु मात्र न्याय होइन । यदि कुनै जग्गा गलत प्रक्रियाबाट व्यक्तिको नाममा पुगेको हो भने पहिले प्रक्रिया छानबिन हुनुपर्छ । दोषी को हो पत्ता लगाउनुपर्छ । कसले सिफारिस गऱ्यो ? कसले दर्ता पास गऱ्यो ? कसले नियम मिच्यो ? कसले फाइदा खायो ? त्यसपछि मात्र कानुनी उपचार हुनुपर्छ । आवश्यक परे क्षतिपूर्ति भराइनुपर्छ । निर्दोष नागरिकलाई पुनर्स्थापना र न्याय दिनुपर्छ । अन्यथा राज्य न्यायको प्रतीक होइन, शक्तिशालीलाई जोगाएर कमजोरलाई पिरोल्ने संरचना बन्न पुग्छ ।

समयले हरेक वस्तुको महत्त्व आफैँ प्रमाणित गरिरहेको हुन्छ । आज सामान्य देखिने वस्तु भोलि इतिहास बन्न सक्छ । करिब पाँच सय वर्षअघि बनेका ङातापोल्हँ मन्दिर, भैरवनाथ मन्दिर, पचपन्न झ्याले दरबार, धरहरा वा ताजमहल आज केवल ईँटा, ढुङ्गा र काठका संरचना होइनन् – ती इतिहासका जीवित दस्तावेज हुन् । महत्त्वपूर्ण कुरा केवल के बन्यो भन्ने होइन, ‘त्यो समयमा कसरी बन्यो’ भन्ने हो । त्यो बेला न आधुनिक इन्जिनियरिङ थियो न अहिलेको जस्तो प्रविधि, न यति धेरै शिक्षित प्राविधिक थिए । तैपनि त्यस्ता अद्भूत संरचनाहरू बने, भूकम्प झेले, समय झेले र पुस्तौँ पार गर्दै आजसम्म उभिएका छन् । आज पाँचतले मन्दिर बनाउनु सामान्य विषय हुन सक्छ, तर सयौँ वर्षअघि त्यस्तो संरचना निर्माण गर्नु मानव सभ्यताको असाधारण क्षमता थियो ।

भनिन्छ–हरेक सय वर्षपछि हरेक वस्तु सम्पदा बन्छ । माटो, ढुङ्गा, इँटा, रूख, मूर्ति, मन्दिर, गुफा–सबैमा समयले इतिहास भरिदिन्छ । किनकि ती वस्तुले केवल आकार बोकेका हुँदैनन्, समयका कथा बोकेका हुन्छन् । जस्तै वनस्पति वैज्ञानिकहरूले एउटा पुरानो रूखको घेरा अध्ययन गरेर कुन वर्ष खडेरी पऱ्यो, कुन वर्ष धेरै पानी पऱ्यो भन्ने पत्ता लगाउन सक्छन् । त्यसरी नै पुराना संरचनाहरूले पनि समाज, संस्कृति, राजनीति, प्रविधि र सभ्यताको इतिहास बोकेका हुन्छन् । त्यसैले पुरानो वस्तु केवल पुरानो होइन–त्यो समयको साक्षी हो ।

समय सँगै बिस्तारै सहरीकरण बढ्यो । घरहरू थपिए । सडकहरू फराकिला भए । सवारीसाधन बढे । कङ्क्रिटले जमिन ढाक्यो । बर्षामा पहिला पानी जमिनले सोस्न समय पाउँथ्यो, अहिले ढल पाइप र कालोपत्रे सडकले पानी सिधै खोलामा पुऱ्याउन समय लागेँ । पानीको बहाव अचानक बढ्छ, दुबान हुन्छ, अनि दोष खोज्न थालिन्छ । त्यसपछि आवाज उठ्छ, “खोलाको मापदण्ड बढाऊ ।” “सडक चौडा बनाऊ ।” “ढुङ्गेधारा सार ।” “मन्दिर हटाऊ ।” “बस्ती भत्काऊ ।” तर यहाँ एउटा गम्भीर प्रश्न उठ्छ– समयअनुसार स्वीकृति दिएर बनाइएका संरचनालाई दशकौँपछि अचानक अवैध भन्न मिल्छ ?

यदि स्थानीय निकायले नक्सा पास गऱ्यो, कर लियो, बिजुली जोड्यो, पानी दियो, बाटो बनायो भने त्यसको जिम्मेवारी केवल नागरिकमाथि थोपर्न मिल्छ ? राज्यले अनुमति दिएको संरचना पछि गएर भत्काउनुपरे–त्यसको उचित क्षतिपूर्ति राज्यले दिनुपर्छ । कानुनी राज्यको आधार नै यही हो । विकासको नाममा केवल कमजोरमाथि डोजर चलाउनु न्याय होइन । किनकि, कानुन शक्ति भएकाको हतियार होइन, सबैको सुरक्षा हो ।

विश्वका धेरै ऐतिहासिक सहरहरू नदी किनारमै बनेका छन् । पशुपतिनाथ मन्दिर वाग्मती किनारमै छ । काशी विश्वनाथ मन्दिर गंगाको छेउमै छ । हरिद्वार नदी सभ्यताको प्रतीक हो । द्वारिका मन्दिर समुद्र र धार्मिक इतिहाससँग जोडिएको सहर हो । के केवल मापदण्ड पुगेन भन्दै यी सम्पदाहरू भत्काउन सकिन्छ ? होइन । के हो भने– “सम्पदामा बाटो परेको हो, बाटोमा सम्पदा परेको होइन ।” विश्वका धेरै विकसित देशहरूमा पनि विशाल राजमार्गबिच पुराना चर्च, मन्दिर वा निजी घरहरू जोगाएर सडक घुमाइएको उदाहरण पाइन्छ । विकास भनेको इतिहास मेटाउनु होइन; इतिहासलाई सम्मान गर्दै भविष्य निर्माण गर्नु हो । दार्शनिकहरूले पनि यही कुरा भनेका छन् । महात्मा गान्धीले भनेका थिए - “कुनै राष्ट्रको महानता त्यसले कमजोर नागरिकलाई कसरी व्यवहार गर्छ भन्नेबाट मापन हुन्छ ।” त्यस्तै नेल्सन मण्डेलाको भनाइ छ, “गरिबी प्राकृतिक होइन, मानव निर्मित हो; त्यसैले यसलाई मानिसले नै अन्त्य गर्न सक्छ ।”

सुकुमवासी समस्या पनि अचानक जन्मिएको होइन । यो दशकौँदेखिको सामाजिक, राजनीतिक र आर्थिक असमानताको परिणाम हो । कसले जग्गा बाँड्ने आश्वासन दियो ? कसले चुनावमा संरक्षण गऱ्यो ? कसले बसोबास गर्न दियो ? कसले कर लियो ? कसले भोट माग्यो ? यदि दोष खोज्ने हो भने केवल सुकुमवासीलाई देखाएर राज्य चोखिन सक्दैन । मानिसलाई बस्न बाध्य बनाउने संरचना, राजनीति र असमानता पनि उत्तिकै जिम्मेवार छन् । घर मानिसले रहरले मात्र बनाउँदैन, बाध्यताले पनि बनाउँछ । कसैले खोला किनार रोजेको होइन, विकल्प नभएर पुगेको हो । त्यसैले समाधान डोजर होइन–नीति, संवाद, पुनर्स्थापना र मानवता हो ।

विकास आवश्यक छ । खोला संरक्षण पनि आवश्यक छ । सडक विस्तार पनि आवश्यक हुन सक्छ । तर विकासको नाममा आँसु बगाएर मात्रै सभ्यता अगाडि बढ्दैन । यदि कुनै संरचना अत्यन्तै आवश्यक कारणले हटाउनै पर्ने अवस्था आयो भने– क्षतिपूर्ति, वैकल्पिक व्यवस्था, पुनर्वास र सम्मानजनक व्यवहार राज्यको कर्तव्य हो । किनकि नागरिक शत्रु होइनन्; राज्यकै जिम्मेवारी हुन् । अन्तत:, समय बदलिन्छ, मापदण्ड बदलिन्छन्, सहर बदलिन्छन् । तर मानवता बदलिनु हुँदैन । भत्काउनु मात्र विकास होइन । विकास त्यो हो–जहाँ खोला पनि बच्छ, सम्पदा पनि बच्छ, र मानिसको आत्मसम्मान पनि बच्छ ।

# मह काढ्ने परम्परालाई जीवन्त राख्न पुस्ता हस्तान्तरण

✍ नवीन लामिछाने

मनाङ,२७ वैशाख । विश्वको साहसिक एवं जोखिमयुक्तमध्ये भिर मौरीको मह सिकार गर्ने कार्य पनि पर्दछ । जोखिमयुक्त मानिएको मह सिकार गण्डकी प्रदेशको लमजुङ, गोरखा, म्याग्दीलगायतका जिल्लामा गरिन्छ । यसमध्ये लमजुङमा बढी भिर मौरीको सिकार गरेको पाइन्छ ।

लमजुङको मर्स्याङ्दी गाउँपालिका-४ मिप्रागाउँ नजिकैको छिप्ली भिरमा झुन्डिएका भिर मौरीका चाकाको सिकार गर्न ज्यानै जोखिममा राखेर डोरीमा झुन्डिएर मह सिकार गर्दछन् । यस कार्यले यहाँका स्थानीयका साथै पर्यटकलाई पनि आकर्षित गरेको छ । गाउँको पुर्ख्यौली पेसाकै रूपमा अगाडि बढाउन सकिनेगरी भिर मौरीको मह काढ्ने कार्यमा संलग्न हुँदै आएको स्थानीय बताउँछन् ।

स्थानीयले भिर मौरीको मह काढ्ने परम्परालाई निरन्तरता दिँदै आएका सिकारी टेकबहादुर गुरुङ बताउनुहुन्छ । विगतमा ज्येष्ठ नागरिकको मात्रै सहभागिता रहने मह काढ्ने परम्परालाई जीवन्त राख्न पुस्ता हस्तान्तरणलाई प्राथमिकता दिइएको उहाँ बताउनुहुन्छ ।

गुरुङ भन्नुहुन्छ, “भिर मौरीको मह औषधिका रूपमा प्रयोग हुन्छ । औषधिका रूपमा उपयोग गर्न जोखिम मोलेर भिरबाट मह काढ्ने गरेका छौँ । भिर मौरीको महको माग पनि बढी छ ।” वर्षमा दुईपटक मह काढ्ने गरिएको उहाँ बताउनुहुन्छ ।

गुरुङ भन्नुहुन्छ, “पहिलो चरणमा मह वैशाखको अन्तिम सातादेखि जेठको दोस्रो साताभित्र निकाल्नुपर्ने हुन्छ भने दोस्रो चरणमा असोजको अन्तिम सातादेखि कार्तिकको दोस्रो सातामा निकालिसक्नुपर्छ । शुक्रबारमात्रै मह काढ्ने चलन छ ।” मह धेरै भएको समयमा भने दुई दिन लगाएर मह निकाल्ने गरिएको उहाँ बताउनुहुन्छ ।

मौरीको सिकार गर्न तिथिमिति जुराएर जङ्गलबाट निगालो ल्याउने र चोया बनाई लठ्ठा बनाउने गरिन्छ । आगोमा तताउँदै लठ्ठाबाट गाउँले मिलेर भऱ्याङ बनाउने गर्दछन् । एकपटक बनाइएको भऱ्याङ तीनचार वर्षसम्म उपयोग गर्न सकिन्छ ।

यसरी बनाइएको भऱ्याङ मह निकाल्न ( काढ्न) गाउँले एकसाथ भिरमा मह सिकारका लागि जाने गर्दछन् । विश्वकै साहसिक पेसाका रूपमा परिचय बनाएकाले मह सिकार हेर्न विदेशी पर्यटकको आकर्षण बढ्दै जानुका साथै यस गाउँको आयआर्जनको माध्यम बनेको सिकारी मीनबहादुर गुरुङ बताउनुहुन्छ ।

उहाँ भन्नुहुन्छ, “पहिलापहिला त मुखमात्रै छोपेर मह निकालिन्थ्यो, अहिले त शरीर पूर्ण रूपमा छोपेर मह निकाल्ने गरेका छौँ । यसले जोखिमबाट जोगाएको छ ।”

मौरीले कम चिल्दा थेरापीको रूपमा काम गर्छ भने बढी चिलेमा मानिसको ज्यानै जानसक्ने जोखिम हुने गुरुङ बताउनुहुन्छ । पहिलेदेखि नै औषधिका रूपमा प्रयोग गरिँदै आएको भिर मौरीको मह स्थानीयकै घरमा सीमित हुने गर्दथ्यो । मानवीय विकाससँगै पहिरनमा परिवर्तन हुँदै जाँदा शरीरमा पूरा कपडाले ढाकिने चलन बढ्नुका साथै सुरक्षित तवरबाट मह सिकारमा पनि सहज हुँदै गएको स्थानीयको भनाइ छ । पहिले स्थानीयको सहभागितामा मात्रै निकालिने मह अहिले विदेशीको आकर्षण बढ्दै गएको गुरुङ बताउनुहुन्छ ।

हाल भिर मौरीको मह सिकार गरेको हेर्न विदेशी आउने गरेको स्थानीय बताउँछन् । पर्यटकलाई आकषित गर्दै प्राकृतिक र साहसिक कार्यलाई जीवन्त राख्न निरन्तरता दिनुपर्ने टर्कीका नागरिक केमल बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, “यस्तो चिल्ने मौरीको मह सिकार जोखिमयुक्त छ । तर, यहाँका स्थानीयको साहसिकताले लोभ्यायो । प्राकृतिक जोखिम मोलेजस्तै यसलाई आयआर्जनसँग जोड्न सक्नुपर्छ ।”

आश्चर्यचकित पार्नेगरी स्थानीयले मह निकालेको देख्दा डर लागेको केमल बताउनुहुन्छ । “म त निकालेको महमा केही मौरी बसेको देख्दा पनि डराएको थिएँ । नेपाली साहसी छन्, नेपालीका बारेमा जुन बयान सुनिएको थियो त्यो आफ्नै आँखाले देख्न पाइयो,” उहाँ भन्नुहुन्छ ।

भिर मौरीको मह काढ्ने परम्परामात्रै नभएर मह औषधिजन्य भएकाले अझ माग बढी हुने गरेको छ । त्यसैले यसलाई निरन्तरता दिन आवश्यक छ । प्राकृतिक उपजका रूपमा विकास गर्दै आयआर्जनको माध्यम बनाउन संरक्षण र प्रवर्द्धन गर्नुपर्ने अवस्था देखिन्छ । यस परम्परालाई जीवन्त राख्दै विदेशीको आकर्षणको केन्द्र बनाउने प्रयासमा सबैको ध्यान जानुपर्ने हुन्छ । ***रासस***

# शिक्षण सिकाइ प्रभावकारी बनाउन विद्यार्थीको मनोविज्ञान बुझ्नु आवश्यक




भक्तपुर, २७ वैशाख । ख्वप माध्यमिक विद्यालय तथा शारदा क्याम्पस माध्यमिक विद्यालयमा कार्यरत शिक्षकहरूबिच 'शिक्षण र सिकाइलाई प्रभावकारी बनाउन विद्यार्थीको मनोविज्ञान बुझ्ने' विषयमा एकदिने छलफल कार्यक्रम आइतबार सम्पन्न भयो ।

ख्वप मा.वि.को आयोजनामा भएको उक्त कार्यक्रममा ख्वप मा.वि. सञ्चालक समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विद्यार्थीको मनोविज्ञान बुझेर पढाउनु आवश्यक भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "सबै समस्याको समाधान पनि हुन्छ भन्ने विचार सबै विद्यार्थीलाई बुझाउनु जरुरी छ ।"

समस्या भोग्नेले नै उपलब्धि पनि हासिल गर्न सकिने धारणा राख्दै उहाँले भन्नुभयो, "पठनपाठन र राम्रो नतिजामात्र सबै थोक होइन भन्ने ज्ञान विद्यार्थीलाई दिनु जरुरी छ ।"

समस्याहरूबारे सामूहिक छलफल गर्नु आवश्यक भएको उहाँले बताउनुभयो ।

कार्यक्रमका मुख्य स्रोतव्यक्ति त्रिभुवन विश्वविद्यालयका प्राध्यापक पद्मराज जोशीले मानसिक रोग सबैलाई लाग्न सक्नेप्रति ख्याल राख्नुपर्ने बताउनुभयो ।

शिक्षक विद्यार्थीको मार्गनिर्देशक, सहजकर्ता र जीवनको आशाको किरण बन्न सक्नुपर्ने धारणा उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रममा विद्यालयका प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्यले स्वागत एवं कार्यक्रमको उपादेयताबारे प्रकाश पार्नुभएको थियो । कार्यक्रममा राजबहादुर गिरी, तारादेवी सुवेदीले सहजकर्ताको भूमिका निर्वाह गर्नुभएको थियो ।

***सुर्खेतमा...***

एवम् पार्टी जिल्ला समिति सुर्खेतका अध्यक्ष हरिबहादुर बोहराले डार्विनले जीव विज्ञानको क्षेत्रमा विकासको नियम पत्ता लगाएजस्तै कार्ल मार्क्सले समाज विकासको नियम पत्ता लगाएको चर्चा गर्दै मानव समाजमा वर्ग रहेसम्म शोषण कायम रहने उल्लेख गर्नुभयो ।

नेमकिपा कर्णाली प्रदेश समिति सदस्य धनेन्द्र विकले कार्ल मार्क्सले ऐतिहासिक भौतिकवाद, वर्गसङ्घर्ष, अतिरिक्त मूल्यको सिद्धान्त र साम्यवादी सिद्धान्त प्रतिपादन गर्नुभएको बताउनुभयो ।

कार्यक्रममा शेरबहादुर शाही, लालबहादुर थापा, छत्रिका विक, शर्मिला विक, रणबहादुर राना, ईन्द्रप्रसाद न्यौपाने, अम्मर भण्डारी, गणेश खड्का, ऐनबहादुर शाही, कुस्माखर खनाल, टीकाप्रसाद पोखरेल, मनबहादुर विकलगायतले मार्क्सको जीवनीबारे चर्चा गर्नुभयो ।

# कर्मचारीबिच काल मार्क्सको २०८ औँ र लेनिनको १५६ औँ जन्म दिवस मनाइयो

भक्तपुर, २७ वैशाख । नेपाल कर्मचारी समाज जिल्ला समितिको आयोजनामा विश्व सर्वहारावर्गका महान् गुरुहरू कार्ल मार्क्सको २०८ औँ र लेनिनको १५६ औँ जन्म दिवस मनाइयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं बाग्मती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईले काल मार्क्स र लेनिनको योगदानबारे बताउँदै मजदुर र किसानहरूको हक हितको निम्ति नेपाल मजदुर किसान पार्टीको स्थापना भएको प्रस्ट पार्नुभयो ।

कर्मचारीहरूले इज्जतको ख्याल राखी आ-आफ्नो काममा पोख्त हुनुपर्नेमा जोड दिँदै उहाँले कर्मचारीहरूले समय अनुकूल नियमित भेटघाट गरी देश-विदेशको बारेमा ज्ञान हासिल गर्न अध्ययन गर्नुपर्ने बताउनुभयो । कार्ल मार्क्स र लेनिनको योगदानबाट शिक्षा लिई उहाँले कर्मचारीहरू सदैव विश्वासिलो र र सक्षम बन्नुपर्छ भन्नुभयो ।

सरकारले अध्यादेशमार्फत शासन सञ्चालन गर्न खोज्नु प्रजातन्त्र र सुशासनविरुद्ध भएको उल्लेख गर्दै उहाँले दुईदिन बिदाले अस्पताल र शिक्षामा असर परेको बताउनुभयो ।

सरकारले नि:शुल्क शिक्षा र स्वास्थ्यको व्यवस्था, काम, माम र बासको व्यवस्था गर्नुपर्नेमा जोड दिँदै उहाँले मार्क्सवादको सिद्धान्तअनुसार लेनिनले सन् १९१७ मा रुसमा मजदुरहरूको राज्यसत्ता स्थापना गरेपछि सम्पूर्ण रुसी जनताले सुख शान्ति पाएको स्पष्ट पार्नुभयो ।

नेपाल कर्मचारी समाजका केन्द्रीय अध्यक्ष गौतमप्रसाद लासिवाले शोषणको विरुद्धमा शोषित पीडित मजदुरहरूले सङ्घर्ष गरेर श्रमिकहरूले सुविधा पाएको बताउँदै मार्क्सको सिद्धान्तअनुसार रुसमा समाजवाद



स्थापना भएको बताउनुभयो ।

नेपाल कर्मचारी समाज जिल्ला समितिका अध्यक्ष काजीबहादुर पञ्चले सभापतिको आसनबाट काल मार्क्सको आदिम साम्यवाद, दास युग, सामन्ती युग, पुँजीपति युग र समाजवादी युगबारेमा बताउनुभयो ।

कार्यक्रममा समाजका सदस्य रामकाजी खाइजूले कार्लमार्क्सको योगदानबारे बताउनुभयो ।

## हार्दिक समवेदना



यस संस्थाका सदस्यता नं ६३४९ का सदस्य **कृष्णगोविन्द अवाल**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।

जन्म : २०२३/०८/०८
निधन: २०८२/१२/२९

**भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह, भक्तपुर-९

## हार्दिक समवेदना



यस संस्थाका सदस्यता नं १२५३ का सदस्य **केशव ग्वाछा**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।

जन्म : २०१५/०६/२८
निधन: २०८३/०१/०१

**भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह, भक्तपुर-९

## हार्दिक समवेदना



यस संस्थाका संस्थापक सदस्य लक्ष्मी बहादुर सुवालकी पूजनीय माता तथा सदस्य नं. ६७९ का सदस्य **पूर्णकेशरी सुवाल**को असामयिक निधन भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

जन्म : २००८/०२/१५
निधन: २०८३/०१/२५

**तलेजु बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-३, कोलाछें

## हार्दिक समवेदना



जन्म
१९९३/०१/३०

निधन
२०८२/१२/१४

**स्व. बद्रि भक्त खर्बुजा**

**४५ औं दिनको पुण्य स्मृतिमा**
**स्वर्गीय आदरणीय बाजेप्रति हार्दिक श्रद्धाञ्जली**

" हजुर हामीबिच भौतिक रुपमा नरहनुभएको ४५ दिन पुगे तापनि हजुरको माया, स्नेह, आशीर्वाद तथा आदर्शपूर्ण शिक्षाहरु सधैं हाम्रो हृदयमा जीवित रहनेछन् । हजुरले परिवारप्रति देखाउनुभएको प्रेम, त्याग र मार्गदर्शन हाम्रो जीवनको अमूल्य प्रेरणाका रुपमा सदैव स्मरणीय रहनेछ ।
४५ औं दिनको पुण्यतिथिको अवसरमा स्वर्गीय आदरणीय बाजेप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै ईश्वरसँग हजुरको आत्माको चिरशान्तिको कामना गर्दछौं ।"

**नातिनी / ज्वाइहरु**

विजया खर्बुजा — कृष्ण गोविन्द दुगुजू
सुनिता खर्बुजा — राजन दुवाल
राधिका खर्बुजा तथा सुमन दुवाल

सम्पूर्ण नाति नातिनीहरु। मिती: २०८३-०१-२८

## हार्दिक समवेदना



जन्म
२००८।०२।१५

निधन
२०८३।०१।२५

हाम्रा हितैषी मित्रहरू लक्ष्मीबहादुर सुवाल, रोशन सुवाल, मिलन सुवाल तथा रोजन सुवालकी ममतामयी माता **पूर्णकेशरी सुवाल (पुन्थुकु)** को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछ ।

**ने.म.कि.पा.-३ नं. वडा एकाइ समिति**
भ.न.पा.-३

## श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.

भुलाँचा-४, भक्तपुर, फोन नं. ०१६६११३६४

## खरिद तथा बिक्रीसम्बन्धी शिलबन्दी कोटेसन आह्वान

**प्रकाशित मिति: २०८३/०१/२८ गते**

यस संस्थाको आर्थिक तथा प्रशासनसम्बन्धी कार्यविधिको दफा २१ (५) बमोजिम संस्थाले प्रयोग गर्दै आएको ब्याट्री सामान धुलाई मुलाई गर्नुपर्ने भएकोले व्यक्ति, सङ्घ संस्थालाई बिक्री गर्न तथा संस्थालाई आवश्यक Exide ब्याट्री २००A/H चार वटा ब्याट्री खरिद गर्ने भएकोले बिक्री गर्न इच्छुक इजाजत प्राप्त सङ्घ, संस्था, कम्पनीले सामानको भ्याटसहित मूल्य प्रस्ट हुने गरी शिलबन्दी कोटेसन कार्यालय खुलेको समयमा पुग्ने गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र पेस गर्नुहुन अनुरोध गर्दछ ।

## सम्पदा जोगाऔं, पहिचान बचाऔं।

- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं।
- सम्पदा क्षेत्रमा फोहोर नगरौं।
- पुरातात्विक तथा धार्मिक स्थलहरूमा तोडफोड वा क्षति नपुऱ्याऔं।
- स्थानीय संस्कृति, परम्परा र मूल्य-मान्यताको सम्मान गरौं।
- सम्पदा क्षेत्रको संरक्षणसम्बन्धी नियम तथा निर्देशनहरूको पालना गरौं।
- पर्यटक तथा आगन्तुकहरूलाई सम्पदाको महत्वबारे जानकारी गराऔं।
- अनधिकृत निर्माण तथा अतिक्रमणबाट सम्पदालाई जोगाऔं।
- पुराना सम्पदाहरूको मर्मत-सम्भार र संरक्षणमा समुदायको सक्रियता बढाऔं।

सम्पदा जोगाउनु हाम्रो कर्तव्य हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा